# मध्यस्थता

Madhyasthata Weekly साप्ताहिक

वर्षः २७ अङ्कः १८ २०८२ मंसिर १४ गते आइतबार (30th November, Sunday 2025) पृष्ठः ८ मूल्य रू. २०/- वेभसाईट: www.madhyasthata.com


**'अहिले उद्योगी व्यवसायीमा चिन्ता छ'**



उद्योग परिसंघ बागमती प्रदेशका उपाध्यक्ष स्वागतराज प्याकुरेलसँग गरिएको कुराकानी

पृष्ठ ३ मा...

# साँघुरो कोठाबाटै प्रदेश सरकारको कामकाज

मध्यस्थता



जेनजी आन्दोलनका क्रममा बागमती प्रदेशका अधिकांश मन्त्रालय भवनहरूमा आगजनी भएपछि नागरिकलाई सेवा गर्न सास्ती भएको छ। स्थायी संरचना ध्वस्त बनेपछि प्रदेश सरकार विभिन्न कार्यालयका क्वाटर, जिल्ला तथा प्रदेश तहका पुराना भवनमा कोचिएर सेवा सञ्चालन गर्न बाध्य भएको हो। प्रदेश राजधानी हेटौँडामा उत्पन्न यो अवस्थाले कर्मचारी मात्र होइन, सेवाग्राहीसमेत प्रत्यक्ष रूपमा प्रभावित भएका छन्।

गत भदौ २३ र २४ गते हेटौंडा केन्द्रित आन्दोलन उग्र बन्दै जाँदा बागमती प्रदेशका स्थायी मन्त्रालय भवनमध्ये अधिकांशमा आगजनी गरिएको थियो। आन्दोलनको क्रममा खानेपानी, ऊर्जा तथा सिंचाइ, भूमि व्यवस्था, कृषि तथा सहकारी, भौतिक पूर्वाधार, यातायात, स्वास्थ्य लगायतका मन्त्रालयका भवनहरू जलेर नष्ट भएपछि ती मन्त्रालयहरू वैकल्पिक स्थान खोज्दै सारिन बाध्य भएका हुन्। केही मन्त्रालय पहिल्यै भाडाका भवनमा सञ्चालनमा रहेका थिए भने दुई–चार वटा बाहेक प्रायः सबै मन्त्रालय आन्दोलनकै क्रममा जलेका थिए।

अहिले कुनै मन्त्रालय जिल्ला तहका कार्यालय प्रमुखका क्वाटरमा बसेर काम गरिरहेको छ भने केही मन्त्रालयहरू पुराना जिल्ला कार्यालय भवनका साँघुरा कोठामा गुजुल्टिएर सेवा दिइरहेका छन्। मन्त्रालयका कर्मचारीहरूका अनुसार, यस्तो अव्यवस्थित अवस्थाले दैनिक प्रशासनिक कामकाज सञ्चालन गर्न निकै कठिनाइ भइरहेको छ। कार्यक्षेत्र सुरक्षित राख्नेदेखि गोप्य कागजात संरक्षण, आवश्यक पूर्वाधारको अभाव, साँघुरा कोठामा काम गर्नुपर्ने बाध्यता र सेवाग्राहीको चापका कारण कार्यालय वातावरण झन् समस्याग्रस्त बनेको छ।

मन्त्रालयका कर्मचारीहरूका अनुसार, मन्त्रालय भवन नष्ट भएपछि सुरक्षित र व्यवस्थित कार्यस्थल सुनिश्चित गर्न नसक्दा सेवा प्रवाह नै प्रभावित भएको छ। आवश्यक फर्निचर, फाइल राख्ने स्थान, बैठक कक्ष र सेवाग्राही बस्ने ठाउँको अभावले प्रशासनिक काम प्रभावकारी बन्न सकेको छैन। यसले गर्दा सेवाग्राही पनि हैरानी खेप्न बाध्य छन्।

यसैबीच, खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालयका प्रवक्ता मेघराज अवस्थीले जिल्ला तहका कार्यालय प्रमुखको पुरानो क्वाटरमा मन्त्रालय सञ्चालन गर्नुपर्दा निकै समस्या भइरहेको बताए। उनका अनुसार अत्यन्त साँघुरा कोठा, जीर्ण अवस्था रहेको भवन र मन्त्रालय सञ्चालनका लागि आवश्यक सामग्रीसमेत मातहतको सिंचाइ डिभिजन कार्यालयबाट ल्याउनुपर्दा थप कठिनाइ भएको छ। अवस्थीले भने, 'अहिले बसिरहेको भवन मन्त्रालयका लागि उपयुक्त छैन। दुइ–तीन महिनाभित्र जलेको मन्त्रालय भवनको मर्मत सकिने भनिएको छ। मर्मत कार्य पूरा भएपछि त्यही भवनमा मन्त्रालय सार्ने योजना छ, त्यसैले दुखसुख गरेर यही बसिरहेका छौं। छिटो मर्मत सम्पन्न भएमा त्यहाँ गएर काम गर्न सहज हुने थियो।'

बागमती प्रदेशको खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय अहिले आफ्नै मातहतको जलस्रोत तथा सिंचाइ डिभिजन कार्यालय मकवानपुरका हाकीमको क्वाटरमा बसेर कामकाज गर्न बाध्य छ। भदौ २३ र २४ गतेको जेन–जी आन्दोलनका क्रममा मन्त्रालयको मुख्य भवन जलेर पूर्ण रूपमा नष्ट भएपछि मन्त्रालय उक्त क्वाटरमा सरेर कार्य सञ्चालन गरिरहेको हो। करिब ५० वर्षअघि जिल्ला तहका कर्मचारीका लागि आवासको रूपमा निर्माण गरिएको उक्त भवन मन्त्रालय सञ्चालनका लागि उपयुक्त नभएको कर्मचारीहरू बताउँछन्। भवन अत्यन्त पुरानो, साँघुरो र जीर्ण अवस्थामा रहेको छ।

यद्यपि, खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय मातहतकै जलश्रोत तथा सिंचाइ डिभिजन कार्यालय मकवानपुरको भवन पनि पुरानै भए पनि त्यहाँ मन्त्रालय बसेको क्वाटरको तुलनामा केही बढी सुविधा उपलब्ध रहेको कर्मचारीहरूको भनाइ छ। तर, समग्रमा हेर्दा मन्त्रालय सञ्चालनका लागि दुवै संरचना अपर्याप्त नै रहेको उनीहरूको गुनासो छ।

प्रदेश राजधानी हेटौंडामा खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय मात्र होइन, अन्य धेरै मन्त्रालयहरू पनि यस्तै कठिन अवस्थामा सञ्चालन भइरहेका छन्। आन्दोलनपछि उत्पन्न भएको यो प्रशासनिक अवरोधले प्रदेश सरकारको कार्यक्षमता र सेवा प्रवाहमाथि गम्भीर प्रश्न उठाएको छ। प्रदेश सरकार गठन भएको करिब आठ वर्ष पुगिसक्दा पनि स्थायी मन्त्रालय भवन र संरचना निर्माणबारे आजसम्म ठोस निर्णय हुन नसक्नुले समस्या झन् जटिल बनेको छ।

क्षतिग्रस्त बनेको बागमती प्रदेश सभा भवनको पुनर्निर्माणप्रति प्रदेश सरकार गम्भीर रूपमा उदासीन देखिएको आरोप छ। गत भदौ २४ गतेको आन्दोलनका क्रममा आगजनी भएर जलेको प्रदेशसभा भवन अहिले पूर्ण रूपमा प्रयोगयोग्य नरहेको अवस्थामा पुगेको हो। भवनको संरचना नै उपयोगहीन बनेपछि त्यही स्थानमा पुनः बैठक बस्ने अवस्था छैन। आगलागी भएको दुई महिना बिति सक्दा पनि प्रदेश सरकारले पुनर्निर्माणका लागि कुनै स्पष्ट योजना सार्वजनिक गर्न सकेको छैन भने बजेट विनियोजन वा निर्माण प्रक्रिया अघि बढाउने कुनै ठोस कदमसमेत चालिएको छैन।

प्रदेश सभाको प्रमुख कार्यालय र बैठक स्थल नै प्रयोग गर्न नसकिने भएपछि प्रदेशसभा सञ्चालन प्रत्यक्ष रूपमा प्रभावित भएको छ। लोकतान्त्रिक अभ्यासको मुख्य केन्द्र मानिने प्रदेशसभाको भौतिक संरचना ध्वस्त हुँदा विधायन प्रक्रिया नै संकटमा परेको छ। तर, यति गम्भीर अवस्थाका बाबजुद प्रदेश सरकारले भवन पुनर्निर्माणलाई प्राथमिकतामा राखेको देखिँदैन। पुनर्निर्माणतर्फ ध्यान दिनुको सट्टा प्रदेश सरकारले आगामी प्रदेशसभा बैठक बस्नका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको सभाका लागि तयार गरिएको हल प्रयोग गर्ने तयारी गरेको छ। आन्दोलनका क्रममा उक्त हलमा पनि क्षति पुगेको थियो, जसलाई पछि मर्मत गरी बैठक सञ्चालन गर्न मिल्ने बनाइएको छ।

अहिलेको प्रदेशसभा भवन पुनर्निर्माणका लागि कुनै पनि प्रकारको प्रारम्भिक कामसमेत सुरू नभएको प्रदेश सरकार अन्तर्गत भौतिक पूर्वाधार विकास मन्त्रालयको शहरी विकास तथा भवन कार्यालय, हेटौंडाका प्रमुख भुपेन्द्र यादवले जानकारी दिए। उनका अनुसार, हालका लागि हेटौंडा उपमहानगरपालिका कार्यालय नजिकै रहेको सभाहललाई तत्काल बैठक बस्ने गरी तयार पारिएको छ। नयाँ स्थायी सभाहल निर्माण नहुँदासम्म करिब तीन वर्षसम्म त्यही सभाहलमा प्रदेशसभा बैठक सञ्चालन गर्न

बाँकी पृष्ठ ७ मा...


## अपाङ्गता भएका व्यक्तिलाई समान अवसर र सम्मान दिऔं !

अपाङ्गता भएका व्यक्तिलाई:

- शिक्षा, रोजगारीलगायतमा समान अवसर सुनिश्चित गरौं,
- सार्वजनिक भवन, कार्यालय र सडकहरु पहुँचयोग्य बनाऔं,
- अपाङ्गमैत्री शब्द प्रयोग गरौं,
- अपाङ्गता भएका व्यक्तिलाई सम्मान र सहयोग गरौं,
- उनीहरूलाई दया होइन अधिकार दिऔं,
- नीतिगत निर्णयहरूमा सहभागी गराऔं,

*अपाङ्गता दिवस, २०८२ भव्य रूपमा मनाऔं,*


*समान अधिकार र अवसर प्रदान गरी समावेशी नेपालको परिचय दिऔं।*

नेपाल सरकार

**विज्ञापन बोर्ड**


## मध्यस्थता मत

# सुमोमा सुरक्षित यात्रा



सन्दीप कुमार सापकोटा

*हेटौँडाको व्यस्त सडकमा सुमो चढ्ने अनुभव कहिलेकाहीँ रोमाञ्चक लाग्छ, तर त्यसको पछाडि ठूलो जिम्मेवारी र सतर्कता पनि छ। तपाईंको यात्रा रमाइलो हुनु मात्र होइन, तपाईंको जीवन, परिवार र अरू यात्रुहरूको सुरक्षा पनि त्यति नै महत्वपूर्ण छ। यसैले, सुमो चढ्नुअघि केही आवश्यक जाँच–जाँच प्रक्रिया अपनाउनु अत्यावश्यक हुन्छ।*

*सर्वप्रथम, सुमो गाडीको भौतिक अवस्था ध्यानपूर्वक जाँच्नुपर्छ। गाडीको चारैतिर घुमेर चारवटा चक्का सुरक्षित छन् कि छैनन्, ब्रेक र हावा ठिक छ कि छैन, ट्याङ्कीमा डिजेल पर्याप्त छ कि छैन, इन्जिनले धुवा निकालेको त छैन, जस्ता सबै कुरा निश्चित गर्नुहोस्। गाडी स्टार्ट गरेर एक पटक कुदाउन लगाउनुहोस् र एमर्जेन्सी ब्रेक प्रयोग गरी ब्रेकको प्रभावकारिता जाँच गर्नुहोस्। यसरी गाडी परीक्षण गर्दा मात्र यात्रुको सुरक्षा सुनिश्चित गर्न सकिन्छ। साथै, गाडीको बिलबुक मागेर हेर्नुहोस् कि यो सवारी साधन ३० वर्षभन्दा पुरानो त होइन, किनकि धेरै पुरानो गाडीमा अनपेक्षित खतराहरू देखा पर्न सक्छ।*

*ड्राइभरको योग्यता र अनुभव पनि यात्राको सुरक्षा सुनिश्चित गर्ने महत्वपूर्ण पक्ष हो। सुमो चालकको लाइसेन्स अवश्य माग्नुहोस् र हेर्नुहोस् कि कतै मोटरसाइकलको लाइसेन्सवालाले सुमो चलाइरहेको त छैन। चालकसँग अनुभवको प्रमाणपत्र छ कि छैन, हातखुट्टा र आँखाको स्वास्थ्य ठीक छ कि छैन, यसको पनि परीक्षण गर्नुहोस्। ड्राइभरको आखालाई दायाँ–बायाँ बन्द गरेर अक्षर पढ्न लगाउन सकिन्छ, अनि हातखुट्टा परीक्षणको लागि लेफ्ट–राइट हिड्न लगाएर औंला र हात चलाउन सकिन्छ।*

*यात्राको टिकटमा सबै विवरण लेखिएको छ कि छैन र टिकट काउन्टरमा दर्ता गरिएको छ कि छैन, त्यसको पनि ध्यान दिनुहोस्। यदि टिकटमा आवश्यक विवरण गलत वा अधुरो भयो भने, भविष्यमा कुनै विवाद वा दुर्घटनामा प्रमाणका रूपमा प्रयोग गर्न कठिन हुन सक्छ। मापसे–लापसे, इन्जिन, टायर,*

बाँकी पृष्ठ ७ मा...

मध्यस्थता
Madhyasthata Weekly साप्ताहिक

२०८२ मंसिर १४ गते आइतबार
(30th Nov., Sunday 2025)

## सम्पादकीय

# हिंसा रोकौं !

हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म विश्व व्यापी रूपमा मनाइने १६ दिने लैङ्गिक हिंसा विरुद्धको अभियान महिला, बालबालिका र समाजका संवेदनशील समूहप्रति हुने हिंसालाई सार्वजनिक रूपमा उजागर गर्ने महत्वपूर्ण अवसरको रूपमा प्रस्तुत हुन्छ । यस अवधिमा लैङ्गिक हिंसाबारे जनचेतना अभिवृद्धि गर्न, हिंसाका कारण र त्यसको परिणामबारे सामाजिक छलफल सुरु गर्न र कानून, सुरक्षा तथा समर्थन सेवाप्रति आम नागरिकलाई जानकारी गराउन विशेषा कार्यक्रमहरू आयोजना गरिन्छ । यो अभियान केवल विरोधको स्वर मात्र नभएर समाजमा नकारात्मक प्रवृत्तिका विरुद्धमा दीर्घकालीन चेतना र परिवर्तनको आवश्यकता औंल्याउने अवसर पनि हो । लैङ्गिक हिंसा भनेको केवल घरभित्र वा व्यक्तिगत मामिला मात्र नभई आर्थिक, सामाजिक र मानसिक पक्षमा समेत गहिरो असर पार्ने अपराध हो, जसले पीडितलाई मात्र होइन, परिवार, समाज र समग्र राष्ट्रलाई असर पार्दछ । विश्वव्यापी रूपमा नै यस विषयमा ठोस प्रयासहरू भए तापनि अझै पनि धेरै समाजमा महिलाप्रति भेदभाव, घरभित्र हिंसा, कामकाजी स्थलमा उत्पीडन, यौन दुर्व्यवहार, बालविवाह र बालबालिकामाथि हिंसात्मक व्यवहार जस्ता समस्याहरू व्यापक रूपमा देखिन्छन् । यस अभियानको मूल उद्देश्य भनेको पीडितलाई मात्र सहयोग पुर्‍याउनु होइन, समाजमा यस्तो हिंसा नगर्ने वातावरण निर्माण गर्नु, हिंसा गर्ने प्रवृत्तिलाई शून्य बनाउनु र हिंसा रोक्न सामूहिक उत्तरदायित्वको भावना जगाउनु हो ।

नेपालमा लैङ्गिक हिंसा निरन्तर बढ्दो चुनौतीको रूपमा देखापरेको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवेदनहरूले देखाएका तथ्यांक अनुसार नेपाली समाजमा महिलामाथि हुने घरेलु हिंसा, मानसिक दबाब, यौन शोषण र सामाजिक भेदभाव अझै पनि उच्च दरमा छ । ग्रामीण क्षेत्र मात्र होइन, शहरी क्षेत्रमा पनि महिलामाथि विभिन्न किसिमका उत्पीडन र अधिकार हननका घटनाहरू सामनै देखिन्छन् । घरेलु हिंसा, बलात्कार, यौन उत्पीडन, बालविवाह, महिला हिंसा र कार्यस्थलमा हुने भेदभाव जस्ता घटनाहरू सामाजिक रूपमा संवेदनशीलता र सुरक्षा दुबै अभाव भएको संकेत गर्दछन् । पीडित महिला वा बालबालिका धेरैजसो कानूनी प्रक्रिया र न्यायसम्म पहुँच नपाउँदा, अपराधीलाई सजाय नपुगेको अनुभूति हुने भएकाले अपराध दोहोरिन सक्छ । तथ्यांक अनुसार, धेरै महिला आफ्नो समस्या परिवारमा मात्रै साझा गर्छन् वा डरका कारण छोपेर राख्छन्, जसले गर्दा सामाजिक सुरक्षा जाल कमजोर हुन्छ । साथै, शिक्षा र रोजगारमा लैङ्गिक असमानता, सामाजिक रूढिवाद र परम्परागत मान्यताले हिंसा र उत्पीडनको वातावरण कायम राख्छ । सरकारले यी समस्यालाई सम्बोधन गर्न कानुन, महिला सुरक्षा निकाय, प्रहरी, अदालत र सामाजिक सेवाको संयोजनको महत्व बुझ्दै आएको छ । तर प्रायः कानुनी व्यवस्था र सामाजिक जागरूकताबीच असन्तुलन, नियमको प्रभावकारी कार्यान्वयन नहुनु,साथै समुदायमा हिंसाबारे खुल्ला छलफलको अभावले गर्दा पीडितहरूले न्याय पाउन नसक्ने अवस्था छ । यसैले, नेपालमा लैङ्गिक हिंसा रोकथाम र नियन्त्रणका लागि सामाजिक चेतना अभिवृद्धि, शिक्षा, कानुनी सहजीकरण, स्वास्थ्य र सुरक्षा संरचनाको सामूहिक प्रवर्द्धन अपरिहार्य बनेको छ ।

लैङ्गिक हिंसा रोक्न समाजका सबै तहका व्यक्तिहरूको सक्रिय भूमिका आवश्यक छ । परिवार, शिक्षक, स्वास्थ्यकर्मी, प्रहरी, सामाजिक कार्यकर्ता, सञ्चार माध्यम र स्थानीय प्रशासनले सहयोग र निगरानीको भूमिकामा रहनुपर्छ। समुदायमा महिलाप्रति समान व्यवहार र सशक्तिकरणको शिक्षा दिनु, हिंसाका घटना भएको खण्डमा तत्काल प्रहरी र कानुनी निकायलाई जानकारी गराउनु, पीडितलाई सामाजिक, आर्थिक र मानसिक सहयोग उपलब्ध गराउनु तथा बाल बालिकालाई पनि समान अधिकारको बारेमा सचेत बनाउनु अत्यावश्यक छ । राज्य र सरकारको भूमिका अझ महत्वपूर्ण छ । सरकारले कानुनको प्रभावकारी कार्यान्वयन, प्रहरीको सक्रिय निगरानी, पीडितको संरक्षण र पुनर्स्थापनाका कार्यक्रम, सामाजिक चेतना अभिवृद्धि गर्ने अभियान र लैङ्गिक समानताका नीति तथा कार्यक्रमलाई निरन्तरता दिनु आवश्यक छ । यसका साथै, शिक्षा प्रणालीमा लैङ्गिक समानताको मूल्य समावेश गर्ने, महिला हिंसाको रोकथामका लागि बजेट विनियोजन गर्ने, पीडितलाई निःशुल्क कानुनी सल्लाह तथा स्वास्थ्य सेवा उपलब्ध गराउने, तथा स्थानीय तहमा निगरानी संयन्त्र स्थापना गर्ने कार्यले मात्र दीर्घकालीन समाधान ल्याउन सक्छ । यद्यपि यसका लागि सबै नागरिकको जिम्मेवारी पनि उत्तिकै छ । व्यक्तिगत रुपमा, हामीले हिंसालाई सामाजिक रूपमा अस्वीकार गर्नुपर्ने, पीडितलाई न्याय र सहयोग पुर्‍याउने, र समाजमा समानता र सुरक्षा सुनिश्चित गर्ने कार्यमा सक्रिय रहनुपर्ने आवश्यकता छ । लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान केवल एक कार्यक्रम नभई निरन्तर चल्ने सामाजिक चेतना र व्यवहार परिवर्तनको प्रक्रिया हो,जसले हाम्रो समाजलाई सुरक्षित, समान र न्यायपूर्ण बनाउने दिशामा कदम चाल्न सक्ने सामर्थ्य राख्दछ ।

# कसले बुझ्छ मानव बेचबिखन प्रभावित पुरुषको पीडा ?

## मध्यनजर



आशिष दुलाल

नेपालमा 'मानव बेचबिखन' भन्ने बित्तिकै अझै पनि धेरैको मनमा 'चेलिबेटी बेचबिखन' कै तस्बिर कैद हुन्छ । प्रायः सबैको ध्यान महिला र किशोरीतर्फ मात्र जान्छ । उनीहरूलाई जबर्जस्ती भारतका कोठीमा बेचिएको, खाडी मुलुकमा वैदेशिक रोजगारीका नाममा शोषणमा फसाइएको वा काठमाडौंका डान्सबार र क्याबिन रेस्टुरेन्टमा जबर्जस्ती काममा लगाइएको कथा हरू समाजले सुन्दै आएको छ । तर, यो कथा अधुरो छ ।

पीडाको आधा भाग महिलाले बोक्छन् भने बाँकी आधा भाग पुरुष र किशोरहरूले । उनीहरूका पीडा न त तथ्याङ्कमास्पष्ट देखिन्छन्, न त समाजले स्वीकार्छ, न त राज्यले नै उनीहरूका लागि ठोस केही गर्न सकेको छ । एउटा भनाइ छ– 'एक आँखाले संसार हेरेर उज्यालो पूर्ण देखिँदैन ।' अहिले नेपाल सरकारले मानव बेचबिखनको कथालाई आधा मात्रै देखिरहेको छ ।

राष्ट्रिय मानव अधिकार आयोग (एनएचआरसी) को पछिल्लो तथ्याङ्कले बेचबिखनमा महिलाकै संखया बढी देखाएको छ । आर्थिक वर्ष २०७८/७९ मा नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोले २११ जना पीडित पहिचान गरेकोमा ९४.७ प्रतिशत महिला र ५.३ प्रतिशत पुरूष थिए । यसरी हेर्दा पुरूष पीडित अत्यन्तै थोरै देखिन्छन् । तर, २०७४/७५ को तथ्याङ्कले भने पुरुष पीडितको प्रतिशत २२ सम्म पुगेको देखाएको थियो ।

यसले के प्रस्ट पार्छ भने समस्या पुरूष पीडित नभएका हुन् भन्ने होइन, समस्या त उनीहरूलाई 'पीडित' का रूपमा स्वीकार गर्ने दृष्टि अझै नबन्नु हो । अमेरिकी सरकारले जारी गरेको सन् २०२४ को टीआईपी रिपोर्टले समेत स्पष्ट रूपमा भनेको छ–'नेपालले अझै पुरूष बेचबिखन पीडितको पहिचान गर्न र उनीहरूको सुरक्षा तथा सहयोगका लागि प्रभावकारी कदम चाल्न सकेको छैन ।' यही कारण नेपाललाई 'टायर २ वाच लिस्ट' मा राखिएको हो ।

नेपालमा बेचबिखनको स्वरूप पनि बदलिँदै गएको छ । पहिले मानव बेचबिखन भन्नेबित्तिकै केवल भारतीय कोठी वा यौन शोषणको सन्दर्भमा मात्र कुरा हुन्थ्यो । तर, अहिले मनोरञ्जन क्षेत्रका डान्स बार, दोहोरी साँझ, मसाज पार्लर, खाजा घर र क्याबिन रेस्टुरेन्टमा जबर्जस्ती श्रम र शोषण भइरहेका छन् । यस्ता क्षेत्रमा महिला मात्र होइन, पुरुष र किशोर पनि फस्ने गरेका छन् ।

त्यस्तै, वैदेशिक रोजगारीका नाममा छिमेकी मुलुक भारत र चीन मात्र होइन; खाडी मुलुक, मलेसिया, कोरिया वा जापान मात्र होइन; वैदेशिक श्रमका नाममा हुने बेचबिखनको जालो अमेरिका, अस्ट्रेलिया, क्यानडा हुँदै दक्षिण अफ्रिकासम्म फैलिएको छ । यसरी विदेश पुगेका हजारौं युवाहरू नक्कली एजेन्सी र ठग सम्झौताका कारण ऋणको जालोमा फस्छन् । कतिपयलाई महिनौंसम्म तलब दिइँदैन, कतिपयको राहदानी (पासपोर्ट) खोसिन्छ, त कतिलाई दिनमा १८ घण्टासम्म काम लगाइन्छ । यी सबै जबर्जस्ती श्रम र मानव बेचबिखनकै आधुनिक रूप हुन् । वैदेशिक शिक्षा, भ्रमण भिसा वा सांस्कृतिक कार्यक्रमको नाममा पनि युवाहरू विदेश पुर्‍याइएर शोषणमा फस्ने गरेका छन् । आजकल युरोप पठाउने बहानामा हजारौं युवाहरू भिजिट भिसामा पुगेर अलपत्र पर्ने र दुःखद अनुभव बटुल्न बाध्य भइरहेका छन् । कोरियाली तथा चिनियाँ विवाहसमेत बेचबिखनको नयाँ माध्यम बनेको छ । भारतभित्रै यौनशाला (कोठी) त छँदै छन्, बम्बई, दिल्ली र कोलकातामा मात्र सीमित भएका यौन अखडा हरू अहिले हरेकजसो राज्यका साना–ठुला सहरका फ्ल्याट र बंगलादेशहरूमा पार्टीका नाममा चलिरहेका छन् । देश भित्रै पनि इँटाभट्टा, खेतबारी, घरेलु काम वा रेस्टुरेन्टमा बालबालिकालाई जबर्जस्ती श्रममा प्रयोग गरिन्छ । समाजले यसलाई सामान्य काम मान्छ, तर वास्तवमा यो पनि बेचबिखनकै अर्को रूप हो ।

यति मात्र होइन, नेपाल प्रहरीका पूर्व एआईजी किरण बज्राचार्यका अनुसार नेपाली पुरूषहरू यौन शोषणका लागि समेत बेचबिखनमा परेर अफ्रिका पुर्‍याइएका छन् । यो तथ्यसँगै मानव बेचबिखन प्रभावित पुरूषहरूमाथिको संवेदनशीलता लाई कमजोर आकलन गर्न नमिल्ने अधिकारकर्मी चरिमाया तामाङ बताउँछिन् । त्यसो त उनीहरूकै पहलमा स्थापना भएको शक्ति समूहले पनि हालसम्म मानव बेचबिखन प्रभावित महिलाहरूमै आफ्नो ध्यान केन्द्रित गरेको छ । यी र यस्ता बदलिँदो स्वरूपहरूको गहिरिएर चर्चा गर्ने हो भने हरेक क्षेत्रमा मानव बेचबिखन प्रभावित पुरूषहरूको घाउ पनि उस्तै गरी चहर्‍याइरहेको महसुस गर्न सकिन्छ ।

पुरूष पीडितहरूको अवस्थामाथि दृष्टि पुर्‍याउँदा उनीहरू प्रायः नदेखिने ठाउँमा भेटिन्छन् । खाडी मुलुक र मलेसियाका निर्माण क्षेत्रमा उनीहरू घामपानी नभनी पसिना बगाइरहेका हुन्छन्, तर उनीहरूको राहदानी खोसिएको हुन्छ, महिनौंको तलब रोकिएको हुन्छ र शरीर घाइते हुन्छ । सीमामा माइती नेपाल र साना हातहरू जस्ता संस्थाले उद्धार वा रोकथाम गरेका पुरूष हरू पनि छन्, जसलाई तस्कर हरूले असुरक्षित वैदेशिक रोजगारीका नाममा बेच्न लागेका थिए । तर सबैभन्दा पीडादायी अवस्था भने गाउँ फर्केका पुरूषहरूको हुन्छ । उनीहरू ऋण र घाउ बोकेर घर फर्किन्छन्, तर समाजले उनीहरू लाई 'पीडित' होइन, 'असफल श्रमिक' भन्छ । पीडितका रूपमा चिनिँदा आत्मसम्मानमा ठेस लाग्ने डरले पनि उनीहरू मौन बस्छन् । यही मौनता तोड्न अग्रपङ्क्तिबाट उठेका आवाजहरू महत्वपूर्ण छन् । शक्ति समूह, जो विश्वकै पहिलो पीडित–नेतृत्वको संस्था हो, उसले बारम्बार भन्दै आएको छ–'पीडित भनेको महिला मात्र होइनन् । बेचबिखनविरूद्धको अभियान सबैका लागि समान हुनुपर्छ ।' माइती नेपालले पनि महिला र बालिकाको उद्धारसँगै पुरूष पीडितलाई समेत सहयोगको दायरामा ल्याउनुपर्ने बताएको छ । 'लभ जस्टिस' ले भनेको छ –'सीमामा ध्यानपूर्वक निगरानी गर्दा पुरूषहरू पनि उत्तिकै सत्त्यामा जोखिममा भेटिन्छन् ।' त्यस्तै, शान्ति फाउन्डेसन, सुनिता फाउन्डेसन र कुमुदिनी जस्ता संस्थाहरूले लामो अनुभवका आधारमा पुरूष बेचबिखन पनि वास्तविक रहेको बताइरहेका छन्, तर ती आवाज सुन्ने कान सरकार सँग छैन ।

सरकारको भूमिका भने अझै कागजी मात्रै छ । नीति, ऐन र रणनीति बनेका छन्, तर कार्यान्वयनमा कमजोरी छ । टीआईपी रिपोर्टले प्रस्ट भनेको छ– नेपाल सरकार पीडित–मैत्री संरचना बनाउन असफल छ । पुरूष बेचबिखन पीडितका लागि छुट्टै पुनःस्थापना गृह, मनोसामाजिक सहयोग, शिक्षा वा पुनःएकीकरणका कार्यक्रमहरू छैनन् । प्रहरी अनुसन्धानमा उनीहरूलाई बेचबिखन पीडितका रूपमा भन्दा पनि श्रम विवाद वा ठगीको मुद्दाका रूपमा मात्र हेरिन्छ । सरकारको काम 'माछा तालमा, बाघ वनमा' भनेजस्तै भएको छ– नीति बनेका छन् तर पीडितको जीवनमा प्रभाव छैन ।

अब प्रश्न उठ्छ– पुरूष बेचबिखनका पीडित किन मौन छन् ? किनभने समाजले भन्छ– 'पुरूष बलियो हुन्छ, पीडित हुँदैन ।' यही धारणाले उनीहरूको आवाजलाई घाँटीमै थिच्छ । अनि अर्को प्रश्न— सरकार किन सुन्दैन ? किनभने सरकारको दृष्टि अझै आधा मात्रै छ –छोरी लाई हेर्छ, छोरालाई हराउँछ । नेपालमा मानव बेचबिखन विरूद्धको संघर्ष तब मात्र सफल हुन्छ, जब हामीले सबैलाई समान दृष्टिले हेर्छौं। महिलाको आँसु र पुरूषको घाउ दुवैलाई समान संवेदनशीलताका साथ सम्बोधन नगरेसम्म यो संघर्ष अधुरो नै रहन्छ । आखिर, आधा कथा मात्र पढ्दा इतिहास पूरा हुँदैन र आधा पीडा मात्र सुन्दा न्याय पूरा हुँदैन ।

मानव बेचबिखन प्रभावित ४३ वर्षीय हरि शर्मा (नाम परिवर्तन) लाई एक 'एजुकेसन कन्सल्टेन्सी' ले मलेसियामा पढाइसँगै आकर्षक रोजगारीको लोभ देखाएको थियो । उनी मलेसिया त गए, तर न त कलेज भने जस्तो थियो न त रोजगारी नै । बरू उनले चरम श्रम शोषण झेल्नु पर्‍यो । फर्केर आउँदा कन्सल्टेन्सी

बाँकी पृष्ठ ७ मा...

मध्यस्थता
Madhyasthata Weekly साप्ताहिक



## मध्यस्थता संवाद

# 'अहिले उद्योगी व्यवसायीमा चिन्ता छ'

*स्वागतराज प्याकुरेल उद्योग परिसंघ बागमती प्रदेशका उपाध्यक्ष हुन् । अहिले देशको अर्थतन्त्रले चौतर्फी संकटको सामना गरिरहेको बेला यसको मेरुदण्ड मानिने औद्योगिक क्षेत्र सबैभन्दा बढी प्रभावित भएको उनी बताउँछन् । बजारमा माग र उत्पादनको चक्र टुटेको बताउँदै यसले लगानी खुम्चिएको उनी धारणा राख्छन् । अहिले राजनीतिक अस्थिरता र सरकार परिवर्तनको प्रत्यक्ष असर उद्योगी-व्यवसायीहरूले भोगिरहेकामा चिन्ता छ । प्याकुरेलसँग उद्योग क्षेत्रको समस्या तथा समाधानका विषयमा हामीले कुराकानी गरेका छौँ ।*

***अहिले समग्रमा नेपाली उद्योगीहरूले भोगिरहेका मुख्य समस्या के-के हुन ?***

अहिले उद्योग क्षेत्रले एकैपटक धेरै चुनौतीहरूको सामना गरिरहेको छ । म यसलाई मुख्य तीनवटा बुँदामा वर्गीकरण गर्न सक्छु । पहिलो, बजारमा देखिएको गहिरो शिथिलता । यो समस्या राजनीतिक आन्दोलनको अघिदेखि नै देखिन्थ्यो, तर पछिल्लो आन्दोलनपछि यो झन् गहिरो बनेको छ । उत्पादन र मागको सामान्य चक्र टुटेको छ । बजारले अपेक्षित गति लिन सकेको छैन । माग नहुँदा उत्पादन घटेको छ र आपूर्ति श्रृंखला नै प्रभावित भएको छ । यसले उद्योगीहरूलाई आत्मविश्वास गुमाउने अवस्था सिर्जना गरेको छ ।

दोस्रो, देशमा व्याप्त अन्योलको वातावरण। राजनीतिक अस्थिरता, सुरक्षा सम्बन्धी चिन्ता र सरकार परिवर्तनले उद्योगीहरूको मनोबल कमजोर बनाएको छ । लगानीकर्ताले आफ्नो लगानी सुरक्षित छ कि छैन भन्ने सुनिश्चितता पाएका छैनन् । यसको कारण नयाँ लगानी योजना रोकिएका छन् र पहिलेबाट सञ्चालनमा रहेका उद्योगहरू पनि संकटमा छन् । अनिश्चितता र जोखिमले उद्योगीहरूलाई दीर्घकालीन योजना लिन डराएको छ ।

तेस्रो, नीतिगत समस्या । सरकार र सम्बन्धित निकायहरूले उद्योगीप्रतिको दृष्टिकोण नकारात्मक छ । विशेषगरी डेडिकेटेड फिडर र ट्रंक लाइनजस्ता विषयमा सरकारले जाँच-समस्या पहिचान गरेर समाधान गर्नुभन्दा उद्योगीमाथि दोष लगाउने नीति अपनाएको देखिन्छ । यसले नयाँ उद्यमी बन्न चाहनेहरूलाई पनि हतोत्साहित बनाएको छ । सरकारी नीति स्पष्ट र सहजीकरणमुखी नहुँदा उद्योगीहरू समस्यामा परेको महसुस गर्छन् ।

***अहिलेसम्मको स्थिति अनुसार लगानी वातावरण कस्तो छ? स्वदेशी र विदेशी लगानी आकर्षित गर्न सकिन्छ ?***

लगानीको वातावरण अहिले कमजोर छ । उद्योग भनेको दीर्घकालीन योजना हो, तर अन्योलपूर्ण वातावरणले दीर्घकालीन निर्णय लिन असम्भव बनाएको छ । बैंकहरूसँग तरलता र ऋण सुविधा भए पनि लगानीकर्तामा आत्मविश्वास छैन । ऋण लिएर उद्योग सञ्चालन गर्दा प्रतिफलको सुनिश्चितता नहुँदा कोही पनि जोखिम मोल्न तयार छैन । विदेशी लगानीकर्ताले स्थिरता खोज्छन् । हाम्रो सरकारले बनाएका नीति अर्को सरकारले परिवर्तन गर्ने, मन्त्रालयहरूबीच समन्वय नहुने, र राजनीतिक तथा प्रशासनिक अन्योलको कारण वैदेशिक लगानी तत्काल आकर्षित हुन सक्ने अवस्था छैन ।

***संघीयता कार्यान्वयनपछि प्रदेश सरकारबाट उद्योग क्षेत्रमा कस्तो भूमिका अपेक्षा गरिएको थियो र अहिले के भइरहेको छ ?***

संघीयताको मुख्य उद्देश्य अधिकारलाई विकेन्द्रीकृत गरेर प्रदेश र स्थानीय तहलाई बलियो बनाउनु हो । हामीले आशा गरेका थियौं कि प्रदेश सरकारले उद्योगमैत्री वातावरण सिर्जना गर्नेछ। एउटा प्रदेशले लगानीकर्तालाई सुविधा दिने, अर्को प्रदेशले अझ राम्रो नीति ल्याउने स्वस्थ प्रतिस्पर्धा हुने थियो । तर वास्तविकता भने अर्कै छ । अधिकांश अधिकार अझै संघमै केन्द्रित छन् । प्रदेश सरकार कर संकलन र सामान्य प्रशासनसम्म सीमित छन् । उद्योग प्रवर्द्धनका लागि आवश्यक नीति निर्माण र कार्यान्वयनमा स्वायत्तता नहुँदा उद्योगीहरू अल्मलिएको महसुस गर्छन् । संघीयताको लाभ उद्योग क्षेत्रमा महसूस भएको छैन ।

***औद्योगिक क्षेत्र व्यवस्थापनका चुनौतीहरू के-के छन् ?***

औद्योगिक क्षेत्र व्यवस्थापन नै सबैभन्दा ठूलो चुनौती बनेको छ । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले उद्योग प्रवर्द्धन गर्ने संस्था भन्दा पनि नाफा कमाउने व्यावसायिक संस्था जस्तो व्यवहार गरिरहेको छ । जग्गा वितरणमा बोलकबोल गर्दा नयाँ र साना उद्योगको लागत सुरूमै बढ्छ । उद्योग मूल्यांकनका मापदण्ड अव्यावहारिक छन् । उदाहरणका लागि, ५ रोपनी जग्गा लिएर सानो उद्योग र २० रोपनी जग्गा लिएर ठूलो उद्योगलाई एउटै विद्युत खपत (जस्तै: १००० केभीए) को आधारमा राख्दा साना उद्योग प्रतिस्पर्धाबाट बाहिरिन्छन् । क्लस्टरिङ अवधारणा छैन । स्टार्टअप, घरेलु उद्योग र ठूला उद्योगलाई एउटै डाटामा राखेर मूल्यांकन गर्दा साना उद्योग हतोत्साहित हुन्छन् ।



***यस्ता चुनौतीका बाबजुद हेटौंडामा औद्योगिक विकासका अवसर के-के देख्नुहुन्छ ?***

चुनौतीहरू हुँदाहुँदै पनि हेटौंडा र वरपर औद्योगिक सम्भावना पर्याप्त छ । चुनढुंगा खानीको उपलब्धता, काठमाडौंलगायत मुख्य बजारसँगको पहुँच र भारतीय सीमासँगको निकटता सिमेन्ट उद्योग, प्रशोधन उद्योग, होटल, रिसोर्ट, मनोरञ्जन पार्क र अन्य सेवा क्षेत्रमा लगानीका अवसर पैदा गर्छ । यहाँको स्रोत प्रयोग गरी उच्च मूल्यका उत्पादन सिर्जना गर्न सकिन्छ । तर, यसको लागि वन, अर्थ, उद्योग मन्त्रालयबीच गहिरो समन्वय आवश्यक छ । सरकारी नीतिले उद्योग स्थापना र संचालनमा सहजीकरण गर्नु पर्छ ।

***यी समस्याको समाधानका लागि सरकारले के-कस्ता कदम चाल्नुपर्छ ?***

समाधानको सुरुवात संवादबाट हुनुपर्छ। सरकारले उद्योगीहरूसँग टेबुलमा बसेर वास्तविक समस्या सुन्नुपर्छ । मन्त्रालयहरूबीच, विशेष गरी उद्योग, अर्थ र वन मन्त्रालयबीच बलियो समन्वय अपरिहार्य छ । उद्योगीलाई नकारात्मक दृष्टिले हेर्ने र दबाउने प्रवृत्ति तुरुन्त अन्त्य हुनुपर्छ । उद्योगलाई प्रवर्द्धन गर्ने, सुरक्षा दिने र दीर्घकालीन योजना बनाउने वातावरण तयार गर्नुपर्छ । संघीयताको मर्मअनुसार प्रदेशलाई अधिकार दिइ उद्योगमैत्री वातावरण निर्माणमा प्रतिस्पर्धा गराउनुपर्छ । जबसम्म लगानीकर्ताले आफ्नो लगानी सुरक्षित महसुस गर्दैन र सम्मान पाउँदैन, तबसम्म देशको आर्थिक रूपान्तरण र औद्योगिकीकरण केवल नारामा सीमित हुनेछ ।

***यस सबै कुराबाट औद्योगिक क्षेत्रका उद्यमीले के शिक्षा लिन सक्छन् ?***

उद्योगीहरूले देख्न सक्छन् कि चुनौतीका बाबजुद अवसर प्रशस्त छन् । नीति स्पष्ट नहुँदा र अन्योल रहँदा पनि उद्योगीको सक्रियता, लगानीको विवेक र जोखिम व्यवस्थापनले औद्योगिक क्षेत्रलाई टिकाइ राख्न सक्छ । साथै, प्रदेश र संघीय सरकारको सहयोग र सहजीकरण उद्योगीकै दीर्घकालीन सफलता सुनिश्चित गर्न महत्वपूर्ण हुन्छ ।

## उदाहरण

# आशाको उज्यालो यात्रा

कान्छीमाया, सधैं सपनाले र उत्साहले भरिएकी गाउँकी चेली । उनी परिवार र समाजको सेवामा सक्रिय रहिरहने महिला थिइन् । उनका श्रीमान् रोजगारीको खोजीमा भारत गएका थिए । दुई छोराछोरीको उज्वल भविष्यको कल्पना बोकेर परदेश पुगेका उनी केही समयपछि बिरामी भएर घर फर्किए । गाउँमै उपचार भए, शहरका अस्पताल धाइयो, तर रोग पहिचान हुन सकेन । केही समयपछि उनको निधन भयो । यो क्षण कान्छीमायाका लागि केवल व्यक्तिगत क्षति मात्र थिएन, यो उनको जीवनको दिशा नै बदलिदिने दु:खद घटना थियो ।

श्रीमान्को मृत्युको केही समयपछि अस्पतालको रिपोर्ट हेर्दा कान्छीमायाले पाएको समाचारले उनको जीवनमा अन्धकार छायाँ जस्तो पर्न पुग्यो । रिपोर्ट अनुसार उनका श्रीमान् एचआईभी संक्रमित थिए र मृत्युको मुख्य कारण यही थियो । यसपछि उनले आफू र छोरा छोरीको परीक्षण गराइन् । सन्तानमा संक्रमण देखिएन, तर कान्छीमायामा संक्रमण पुष्टि भयो । यो समाचारले उनको जीवनलाई पूर्ण रूपमा उल्टाइदियो । उनी भन्छिन्, 'मैले कुनै गल्ती गरेकी थिइनँ, कुनै पाप गरेको थिइनँ । तर समाजको नजरमा म अपराधी ठहरिएँ ।'

समाजमा सक्रिय, परिवारको हेर चाहमा जिम्मेवार, र भविष्यका लागि सपना बोकेकी कान्छीमायालाई एचआईभी संक्रमण खुलेर स्वीकार गर्न नसक्ने डरले भित्रैदेखि पीडा दाग्यो । समाजको घृणा, छोराछोरीको भविष्य, परिवारको प्रतिक्रिया-यी सबै डरले उनलाई आफ्नै गाउँ छोड्न बाध्य बनायो । सन्तानको भविष्य सुनिश्चित गर्न कान्छीमायाले शहरतिर पाइलो चालिन् । बस्ने स्थान, काम, सामाजिक स्वीकार्यता-हरेक कदम चुनौतीपूर्ण थियो, तर उनीले हार मानिनन् । उनले भनिन्, 'म लडिरहेँ, किनकि मेरा छोराछोरीको भविष्य मेरो साथ जोडिएको थियो ।'

समाजको डरले खुलेर आफ्नो अवस्था बताउन नसक्दा कान्छीमायाले पाउनुपर्ने स्वास्थ्य सेवा, सामाजिक सहयोग, र आवश्यक जानकारीबाट वञ्चित रहिन् । अस्पतालमा डाक्टर र स्वास्थ्यकर्मीको व्यवहारले थप पीडा बढायो । २४ वर्ष बितिसक्दा पनि उनको अनुभवमा ठूलो परिवर्तन आएको छैन । उनी अझै भन्छिन्, 'समाज र परिवारको डरले मलाई खुला रूपमा अगाडि आउन दिइएन । आफ्नो पीडा पोख्ने ठाउँ नै पाइएन ।'

सन्तानको भविष्य, विवाह र समाजिक स्वीकार्यता-यी डरहरूले उनको मन कहिल्यै शान्त हुन दिएन । कान्छीमायाको कथा केवल उनको होइन । त्यस्ता थुप्रै महिला छन् जो आज पनि एचआईभीसँग लडिरहेका छन् । कोही आफ्नै गर्भमा संक्रमण पाएका छन्, कोही रगत चढाउँदा संक्रमित भएका छन्, कोही श्रीमान् वा जीवनसाथीबाट संक्रमित भएका छन् । तर समाजले एचआईभीलाई अपराध जस्तो व्यवहार गरिरहेको छ । अस्पतालमा उपचार नपाउने, रोजगारबाट बञ्चित हुने, सन्तानको भविष्यमा बाधा-यस्ता सामाजिक व्यवहारले संक्रमित महिलाहरूलाई आफ्नो अस्तित्व नै प्रश्न गर्न बाध्य बनाएको छ ।

यस्तो निराशा र हतोत्साहको बीचमा आशाका किरणहरू पनि देखिन थालेका छन् । क्यानडाको युनिभर्सिटी अफ द फ्रेजर भ्यालीले एचआईभी संक्रमित महिलाहरूका लागि विभिन्न तालिम कार्यक्रम सञ्चालन गर्दैआएकोछ । उप-प्राध्यापक डा. रिता ढुंगेल र कम्युनिटी को-अर्डिनेटर सीता गुरुङको पहलमा चलिरहेको यस कार्यक्रमले महिलाहरूलाई नयाँ जीवन र आत्मविश्वासको मार्ग देखाइरहेको छ ।

समाजको नकारात्मक दृष्टिबाट थकित महिलाहरूका लागि यस तालिमले जीवनसँग लड्ने शक्ति दिएको छ । सहभागीहरू भन्छन्, 'यो तालिमले हामीलाई उज्यालो भविष्यतर्फ अगाडि बढ्न हौसला दियो ।' कान्छीमाया आज पनि पूर्ण रूपमा स्वतन्त्र जीवन बिताइरहेकी छैनन्, तर उनलाई आशा छ । एक दिन समाज बदलिने, मानव दृष्टिकोणले हेर्ने र रोगलाई अपराध जस्तो नसम्झने दिन आउने-यही उनको सपना र प्रेरणा बनेको छ । उनी भन्छिन्, 'हामीलाई घृणाको नजरले होइन, मानवको नजरले हेर्नुहोस् । रोग अपराध होइन, यो जीवनको हिस्सा हो ।'

कान्छीमायाको कथा केवल व्यक्तिगत पीडाको कथा होइन । यो संघर्ष, धैर्यता र आशाको कथा हो । समाजले स्वीकार नगरेका, परिवारले हौसला नदिएका, तर आफैंले भविष्यको जिम्मा बोकिरहेका हजारौं महिलाहरूका लागि यो कथा प्रेरणाको प्रकाश बनेको छ । उनीहरूले देखाउँछन् कि विपत्ति र भेदभावका बाबजुद पनि जीवनमा आशा र साहस जीवित रहन सक्छ ।

कान्छीमायाले आफ्नो अनुभवबाट सन्देश दिन्छिन्-यदि हामी सहिष्णुता, समझदारी र मानवताको दृष्टिले एकअर्कालाई हेर्‍यौं भने पीडा र भेदभावको अन्धकारमा पनि उज्यालो दिन फेला पर्न सक्छ । उनको जीवन यात्रा प्रेरणा हो, जसले हामीलाई सामाजिक न्याय, समानता र सहिष्णुता आवश्यक रहेको कुरा सम्झाउँछ ।

वास्तवमा एचआईभी संक्रमितको जीवन केवल रोगसँगको संघर्ष मात्र होइन, समाजको नजर, परिवारको डर र भविष्यप्रतिको अनिश्चिततासँगको लगातार लडाइ बाँकी पृष्ठ [illegible] मा

मध्यस्थता
Madhyasthata Weekly साप्ताहिक
२०८२ मंसिर १४ गते आइतबार
(30th Nov., Sunday 2025)

## कृषि

# धनिया खेतीमा अवसर



धनिया खेती अहिले नेपालमा सानो जमिनमा पनि उच्च प्रतिफल दिने व्यवसायीक फसलको रुपमा लोकप्रिय हुँदै गएको छ। बजारमा यसको माग निरन्तर बढिरहेको छ, जसले कृषकलाई आर्थिक आत्मनिर्भरता हासिल गर्ने अवसर दिन्छ। व्यवसायिक स्तरमा धनिया खेती सुरू गर्नुअघि उचित जमिन, सिचाइ सुविधा र बजारको अवस्था बुझ्न अत्यावश्यक हुन्छ। यसको लागि मध्यम वा हल्का बालुवा–माटो मिश्रित, राम्रो नमी समायोजन हुने जमिन उपयुक्त मानिन्छ।

बुवाई अघि माटोको गुणस्तर जाँच गर्न आवश्यक हुन्छ। माटोको पीएच स्तर ६ देखि ७ सम्म हुनुपर्ने भएकाले माटो सुधार गर्न जैविक मल र कम्पोस्टको प्रयोग लाभदायक हुन्छ। बीउ छान्दा उच्च उत्पादन दिने, रोग प्रतिरोधात्मक र छिटो उम्लिने जात रोज्नुपर्छ। व्यावसायिक खेतीमा प्रत्येक रोपाइँको दूरी र बुवाईको घनत्वको ध्यान राख्नुपर्छ ताकि सघन रोपाइँले उत्पादनमा कमी नआओस् र हावा–पानीको आवागमनमा बाधा नपुर्‍याओस्।

सिचाइ व्यवसायिक खेतीको सफलतामा महत्वपूर्ण भूमिका खेल्छ। प्रारम्भिक विकास अवधिमा माटोको नमी कायम गर्न नियमित सिचाइ आवश्यक छ। तर अधिक पानीले जरा रोग र सडन समस्या ल्याउन सक्छ, त्यसैले सन्तुलित सिचाइ आवश्यक छ। मल व्यवस्थापनमा पनि सन्तुलन राख्नुपर्छ। बालीको विकासक्रम अनुसार नाइट्रोजन, फस्फोरस र पोटासको प्रयोगले तन्तु मजबुत र फूल/बियाँको उत्पादन बढाउँछ।

धनिया धेरै रोग–कीरा संवेदनशील फसल हो। फफुंदी, पात झर्ने रोग, गुँड रोग र पातमा कीरा देखिए तुरून्तै जैविक वा रासायनिक उपाय अपनाउनुपर्छ। रोग र कीराको नियमित निगरानीले ठूलो आर्थिक घाटा रोक्न सक्छ। कटनीको समयमा सावधानी अपनाउनु आवश्यक छ। फलामको धारिलो औजार प्रयोग गरेर फूल र पात सहितको बाली काट्नुपर्छ ताकि बियाँमा क्षति नहोस्।


फसल कटनीपछि सुकाउने प्रक्रिया व्यवसायिक रुपमा अत्यन्त महत्वपूर्ण छ। बियाँ पूर्णरुपले पाकिसकेपछि, छायाँमा फैलाएर वा सुकाउने उपकरणमा सुकाउनुपर्छ। सुकाइको क्रममा हावा–पानी र धुलोबाट संरक्षण गर्नुपर्छ। सही सुकाइले बियाँको गुणस्तर र बजार मूल्य दुवै बढाउँछ। त्यसपछि बियाँ सफा, छान्ने र प्याकिङ गरी बिक्री बजारमा पठाउन सकिन्छ।

धनिया खेती व्यवसायिक रुपमा गर्दा नाफा धेरै हुन्छ तर समय, श्रम र माटो–जलवायु अनुसार उत्पादन घटबढ हुन सक्छ। किसानले स्थानीय बजारको माग, निर्यात अवसर र मूल्यको अवस्थालाई ध्यानमा राखेर उत्पादन योजना बनाउनुपर्छ। व्यवसायिक दृष्टिले सोच्दा, एक–दुई वर्षको अनुभवपछि किसानले ठूलो भण्डारण, प्रशोधन र बजार प्रवर्द्धनमा लगानी गर्दै आयको दायरालाई विस्तार गर्न सक्छ।

स्वाद र स्वास्थ्यका लागि धनिया निकै महत्वपूर्ण मानिन्छ। धनिया खेतीबारे मानिसहरूलाई धेरै जानकारी हुँदैन। धनिया रोप्नका लागि ठाउँ छैन भन्न सोच्नुभएको छ भने त्यो तपाईको भ्रम मात्र हो। घरको छतमा बाह्रै महिना गमलामै उन्नत जातको धनिया फलाउन सकिन्छ। यो चिसो तथा न्यानो दुबै किसिमको हावापानीमा खेती गर्न सकिन्छ। यसको खेती हिउँद महिनामा तराईमा पनि हुन्छ तर हिउँद, वर्षा दुबैमा चिसो र हने तर बढी तुषारो हिउँ नपर्ने ठाउँहरूमा बाह्रै महिना खेती गर्न सकिन्छ। धनियाको खेती १००० मिटर देखि ३००० मिटरको उचाई सम्ममा समेत गर्न सकिन्छ। ५ डिग्री सेल्सियस देखि ३० डिग्री सेल्सियस सम्मको तापक्रममा समेत धनिया उब्जाउ गर्न सकिन्छ। १० देखि २० डिग्री सेल्सियसको तापक्रम यसको लागि सबैभन्दा उत्तम मान्छि। दैनिक प्रयोगका लागि मासिनले धनिया घरको गमलामा समेत लगाउन सकिन्छ। तर धनियाको लागि पानी नजम्ने प्रशस्त प्राङ्गारिक पदार्थ भएको माटो चाहिन्छ। यसको लागि माटो को पीएच ६ दखि ७ हुनु पर्दछ।

## प्रविधि

# के हो डार्क म्याटर ?




ब्रह्माण्डको संरचना बुझ्ने प्रयासमा वैज्ञानिकहरू दशकौँ देखि एउटा अदृश्य रहस्य सँग जुधिरहेका छन्, जस लाई 'डार्क म्याटर' भनिन्छ। अनुमान अनुसार ब्रह्माण्डको करिब ८५ प्रतिशत हिस्सा यही रहस्यमय पदार्थले ओगटेको छ, तर न त यसलाई नाङ्गो आँखाले देख्न सकिन्छ, न त हालसम्मका सामान्य वैज्ञानिक उपकरणले प्रत्यक्ष रूपमा पत्ता लगाउन सकेका छन्। यसको अस्तित्व गुरूत्वाकर्षण प्रभाव, आकाशगंगाको घुम्ने गति र ब्रह्माण्डीय संरचनाको व्यवहारबाट मात्र अनुमान गरिएको हो। यही कारणले डार्क म्याटर आधुनिक खगोल विज्ञान र भौतिकशास्त्रको सबैभन्दा ठूलो र हस्यका रूपमा रहँदै आएको छ।

यही रहस्यलाई केही हदसम्म उजागर गर्ने आशा जगाउने संकेत हाल नासाको फर्मी गामा–रे टेलिस्कोपबाट प्राप्त भएको छ। फर्मी टेलिस्कोपले मिल्की वे आकाशगंगाको केन्द्र भागबाट उत्सर्जित अत्यन्त शक्तिशाली गामा किरणहरू रेकर्ड गरेको छ, जसको ऊर्जा स्तर करिब २० गिगा इलेक्ट्रोन भोल्ट अर्थात् २० जेभी रहेको छ। वैज्ञानिक हरूका अनुसार यी गामा किरणहरूको ऊर्जा, चमक र फैलावटको ढाँचा ठीक त्यही किसिमको देखिएको छ, जसको भविष्यवाणी डार्क म्याटरसम्बन्धी सिद्धान्तहरूले वर्षौंअघि नै गरेका थिए। यही समानताले वैज्ञानिक समुदायलाई उत्साहित बनाएको छ।

अनुसन्धानकर्ताहरूले फर्मी टेलिस्कोपबाट प्राप्त विशाल डेटा विश्लेषण गर्दा एउटा रोचक तथ्य पत्ता लगाए। मिल्की वेको केन्द्र वरिपरि २० जेभी ऊर्जा भएका गामा किरणहरूको चम्किलो पत्र जस्तै संरचना देखिएको छ, जुन कुनै एक बिन्दुबाट होइन, चारैतिर फैलिएको अवस्थामा रहेको छ। यो ढाँचा सामान्य खगोलीय स्रोतबाट आउने विकिरणभन्दा फरक देखिन्छ। अहिलेसम्म चिनिएका पल्सर, सुपरनोभा अवशेष, ताराका समूह, ब्ल्याक होल वा अन्य ज्ञात खगोलीय पिण्डहरूले यस्तो किसिमको ऊर्जा वितरण र चमक उत्पादन गर्ने प्रमाण भेटिएको छैन। यही कारणले यी गामा किरणहरू कुनै परिचित खगोलीय गतिविधिबाट नभई डार्क म्याटरसँग सम्बन्धित हुन सक्ने सम्भावना औंल्याइएको हो।

टोकियो युनिभर्सिटीका शोधकर्तासहित अन्तर्राष्ट्रिय वैज्ञानिक टोलीले गरेको विश्लेषणले यी संकेतहरू सैद्धान्तिक मोडलसँग निकै मिल्दोजुल्दो रहेको देखाएको छ। डार्क म्याटरका कणहरू आपसमा ठोक्किँदा वा नष्ट हुँदा अत्यधिक ऊर्जा भएका गामा किरणहरू उत्पन्न हुने अनुमान लामो समयदेखि गरिँदै आएको थियो। फर्मी टेलिस्कोपले समातेको २० जेभी ऊर्जास्तर ठीक त्यही दायरामा पर्छ, जसलाई वैज्ञानिकहरूले डार्क म्याटरको सम्भावित 'हस्ताक्षर' मान्दै आएका छन्। त्यसैले यो संकेतलाई डार्क म्याटरको प्रत्यक्ष प्रमाणतर्फको महत्वपूर्ण कदमका रूपमा हेरिएको छ।

यद्यपि वैज्ञानिकहरू पूर्ण रूपमा निष्कर्षमा पुग्न हतार गरिरहेका छैनन्। उनीहरूका अनुसार यो संकेत अझै पनि वैकल्पिक व्याख्याबाट पूर्ण रूपमा अलग गर्न सकिएको छैन। सम्भवतः अहिलेसम्म नचिनिएका कुनै नयाँ किसिमका खगोलीय स्रोत वा कण भौतिक शास्त्रका नयाँ प्रक्रियाले पनि यस्तो विकिरण उत्पादन गर्न सक्छन्। त्यसैले थप अवलोकन, अन्य टेलिस्कोप बाट पुष्टि र गहिरो विश्लेषण अनिवार्य छ। भविष्यमा अझ संवेदनशील उपकरणहरू, जस्तै नयाँ पुस्ताका गामा–रे वेधशालाहरू र भूमिगत डिटेक्टरहरू सञ्चालनमा आएपछि डार्क म्याटरको रहस्य झनै स्पष्ट हुने अपेक्षा गरिएको छ। तर यति भने निश्चित छ कि मिल्की वेको केन्द्रबाट आएको यो २० जेभी गामा किरण संकेतले डार्क म्याटर खोजीको यात्रामा नयाँ ऊर्जा थपेको छ। यदि यो संकेत वास्तवमै डार्क म्याटरसँग जोडिएको प्रमाणित भयो भने, यसले ब्रह्माण्डको बनावट, यसको उत्पत्ति र भविष्य बुझ्ने मानव प्रयासमा ऐतिहासिक मोड ल्याउनेछ। अदृश्य तर शक्तिशाली यो पदार्थबारेको बुझाइले विज्ञानलाई मात्र होइन, ब्रह्माण्डप्रति हाम्रो दृष्टिकोणलाई नै नयाँ दिशामा लैजाने सम्भावना बोकेको छ।

## शैली

# सफल नेतृत्वका मूल मन्त्र



कुनै पनि संस्थाको नेतृत्व केवल पदको अधिकार वा शीर्षस्थ ठाउँमा बस्नु मात्रले सफल हुँदैन। नेतृत्व भनेको व्यक्तिको व्यवहार, दृष्टिकोण, निर्णय क्षमता, रणनीति बनाउने कौशल र अरुसँग मिलेर काम गर्ने शैलीको परिणाम हो। असल नेतृत्वकर्ता केवल आदेश दिने व्यक्ति होइन, तर आफ्ना कार्यकर्तालाई उत्प्रेरित गर्ने, सहकार्यको महत्त्व बुझाउने, समस्या समाधान गर्ने र संस्थाका लक्ष्यलाई अघि बढाउने क्षमता भएको व्यक्ति हो। सफल नेतृत्वले संस्थाको समग्र प्रगति मात्र नभई कार्यस्थलको मनोबल, कर्मचारीहरुको उत्साह र दीर्घकालीन स्थिरतामा समेत सकारात्मक प्रभाव पार्दछ। नेतृत्वकर्ता जब आफ्नो कर्ममार्ग र लक्ष्यमा स्पष्ट हुन्छन्, तब सम्पूर्ण टोली आफ्नो सामूहिक प्रयासलाई संस्थाका उद्देश्यमा केन्द्रित गर्न सक्षम हुन्छ।

असल नेतृत्वकर्तामा धैर्यता, संयम, न्यायपरायणता, निर्णय क्षमता र दीर्घकालीन सोच अत्यावश्यक हुन्छ। कठिन परिस्थितिमा पनि सही निर्णय लिन सक्ने क्षमता, समस्यालाई विश्लेषण गरेर विकल्पहरुको मूल्याङ्कन गर्न सक्ने क्षमता, साथै अस्थिर वा दबाबयुक्त परिस्थितिमा टोलीलाई उत्साहित राख्न सक्ने गुण हुनु पर्छ। नेतृत्वकर्ताले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर संस्थाको भलाइ र कर्मचारीको हितलाई प्राथमिकता दिनुपर्छ। स्पष्ट दृष्टिकोण, योजनाबद्ध कार्य प्रणाली, समय व्यवस्थापन, प्राथमिकताका आधारमा निर्णय लिन सक्ने क्षमता र संस्थाको दीर्घकालीन लक्ष्यप्रति प्रतिबद्धता असल नेतृत्वको आधारभूत विशेषता हुन्। सफल नेतृत्वले टीमलाई एकीकृत राख्न सक्ने हुनुपर्छ। नेतृत्वकर्ता आफ्ना सदस्यको क्षमता, कमजोरी र मनोबल बुझेर उनीहरुको उचित जिम्मेवारी निर्धारण गर्न सक्षम हुनुपर्छ। विश्वास जित्न सक्ने, खुला संवाद कायम गर्ने, सुझाव सुन्ने र पारदर्शिता देखाउने क्षमता पनि नेतृत्वकर्तामा हुनुपर्छ।

असल नेतृत्वकर्ताले उदाहरण प्रस्तुत गरेर मात्र होइन, आफ्नो कर्मले पनि अरुलाई प्रेरित गर्छन्। उनी समस्यामा फस्ने मात्र होइन, समाधान खोज्ने, जोखिमलाई व्यवस्थापन गर्ने र टोलीलाई निरन्तर अग्रगामी बनाउने क्षमता राख्छन्। यही गुण र व्यवहारले संस्था मात्र सफल बनाउँदैन, तर नेतृत्वकर्तालाई पनि वास्तविक प्रभावकारी र सम्मानित बनाउँछ। नेतृत्वमा प्रभावकारिता मात्र रणनीति वा शक्ति प्रयोगबाट आउँदैन। यो गुण नेतृत्वकर्ताले आफ्ना कर्मचारी, समकक्षी, सरोकारवालासँग कस्तो व्यवहार गर्छन्, कठिन परिस्थितिमा उनी कस्तो धैर्यता देखाउँछन् र टोलीका लागि प्रेरणा सिर्जना गर्न कत्तिको सक्षम छन् भन्ने कुरामा निर्भर गर्छ। असल नेतृत्वकर्ताले आफ्नो अनुभव, ज्ञान र आत्मविश्वास प्रयोग गरेर संस्थामा सकारात्मक परिवर्तन ल्याउँछन्। उनी प्रत्येक सदस्यलाई मूल्यवान ठान्छन्, गल्तीलाई सुधार को अवसरको रुपमा लिन्छन् र संस्थाको सफलता व्यक्तिगत प्रतिष्ठाभन्दा माथि राख्छन्।

नेतृत्वका यी गुणहरुले संस्थालाई दीर्घकालीन स्थिरता, उच्च उत्पादकत्व र सकारात्मक कार्यसंस्कृति प्रदान गर्छ। जब नेतृत्वकर्ताले विश्वास, पारदर्शिता, सहकार्य र योजनाबद्ध दृष्टिकोणलाई समाहित गर्छन्, तब टोलीले आफ्ना व्यक्तिगत लक्ष्यभन्दा माथि उठेर संस्थाका लक्ष्य प्राप्तिमा योगदान गर्न प्रेरित हुन्छ। असल नेतृत्वकर्ताले चुनौतीलाई अवसरमा परिणत गर्न जान्छन्, कर्मचारीमा आत्मविश्वास जगाउँछन् र संस्थालाई केवल सञ्चालन गर्ने होइन, उत्कृष्टता हासिल गर्ने मार्गमा लैजान सक्षम हुन्छन्।

## स्वास्थ्य

# डेलिभरीपछि फिट हुने उपाय



धेरै महिला डेलिभरी पछि आफ्नो स्वास्थ्य र फिटनेसमा ध्यान दिन कठिनाई अनुभव गर्छन्। सुत्केरी पछि शरीरको रिकभरी, नयाँ आमाको जिम्मेवारी, बच्चाको हेरचाह, स्तनपान, निद्रा नपुग्ने अवस्था र मानसिक तनावले गर्दा आफ्नै स्वास्थ्य लाई प्राथमिकता दिन गाह्रो हुन्छ। डेलिभरीको समयमा शरीरमा धेरै परिवर्तन हुने हुँदा, शारीरिक कमजोरी र थकान आमाहरुको दैनिकीमा ठूलो चुनौती बन्न सक्छ। तर सही तरिका अपनाएमा, साना कदम चालेर महिला फेरि स्वस्थ जीवनशैलीमा फर्कन सक्दछन्।

सबैभन्दा सहज र सुरक्षित व्यायाम सुरू गर्नको उपाय हिँडाइ हो। दैनिक १५ मिनेट हल्का गतिमा हिँडाइ सुरू गर्दा शरीर बिस्तारै तन्दुरूस्त हुन्छ। समयसँगै यसलाई ३० मिनेट वा बढी बढाउन सकिन्छ। हिँड्दा मुटु र फोक्सो बलियो हुन्छ, रक्तसञ्चार सुधार हुन्छ र तौल नियन्त्रणमा सहयोग पुग्छ। बच्चालाई स्ट्रोलरमा राखेर बिहान वा बेलुकी हिँड्ने बानी बसाल्न सकिन्छ भने आमा र बच्चा दुवैलाई फाइदा पुग्छ। योग र स्ट्रेचिङले शरीर र मनलाई सन्तुलनमा राख्छ। सेतु बन्धासन, सुप्तबद्ध कोणासन, शवासन जस्ता योगासनले शरीरलाई आराम दिन्छ भने बालासन र मार्जरीआसनले ढाड दुखाइ कम गर्छ र लचकता बढाउँछ। स्ट्रेचिङले मांसपेशीमा आराम दिन्छ र चोटपटकको जोखिम घटाउँछ। हिप फ्लेक्सर स्ट्रेच, सिटेड फरवार्ड बेन्ड, चेस्ट ओपनर, क्याट–काउ स्ट्रेच जस्ता अभ्यासले डेलिभरीपछिको कमजोरी कम गर्छ। कोर स्ट्रेन्थ बढाउन ब्रिज पोज र हल्का क्रन्चेज उपयोगी हुन्छ। यसले पेट र ढाडका मांसपेशी बलियो बनाउँछ र बच्चा उठाउने, बोकेर हिँड्ने दैनिक गतिविधि सजिलो बनाउँछ।

हल्का कार्डियो अभ्यासले शरीर सक्रिय राख्छ र क्यालोरी बर्न गर्छ। स्टेशनरी साइकलिङ, छिटो हिँडाइ, हल्का एरोबिक्स र स्टेपिङ वा हल्का नृत्य जस्ता व्यायामले मज्जाले पसिना आउँछ। यी व्यायामहरुले जोर्नीमा बढी दबाब नदिई शरीरलाई टोन बनाउँछ। हप्तामा तीन–चार दिन हल्का कार्डियो अभ्यास गर्नु पर्याप्त हुन्छ। सही अभ्यास, साना कदम र निरन्तरता अपनाउँदा, डेलिभरीपछिका आमाहरु फेरि फिट, तन्दुरूस्त र मानसिक रुपमा बलियो बन्न सक्छन्।

# म आमालाई सम्मान गर्न यहाँ आएको हुँ

**धनराज गिरी**

"छोटे, घुँडाले साह्रै दु:ख दिइरहेको छ । के गरौं ? नजान मन मान्दैन । काठमाडौंबाट 'लू' हिँडिसके ! क्या किया जाये ? भूपिन पनि छैन । त्यो निमेष निखिल त टुहुरै हुने भो । हामीले बोलाउँदा खुर्रर दगुर्ने मान्छे ।" दाजै एल. बी. क्षेत्री आफ्नो कथाव्यथा सुनाउनुहुन्छ । म बिन्दास । फुर्सदै फुर्सद । जता गए पनि हुने । "बडेलाई कुनै कुराले पनि छेक्दैन । आप जो कहेङ्गे: वही करुङ्गा ।" यो सल्लाह थियो २०६९ असोज ५ गते शुक्रबारको । ६ गते शनिबार पोषराज पौडेल दाजुको निम्ता पनि थियो । काठमाडौंले बोलाइरहेको छ । हेटौँडामा कार्यक्रम दिनको तिन बजेबाट । पुगेँ ११ बजे सप्तगण्डकी बहुमुखी क्याम्पसमा । भेट भए मित्र रामप्रसाद ज्ञवाली, पूर्ण दवाडी, दाजै इन्द्र रेग्मी, सरिता तिवारी आदि आदि । कार्यक्रम भर्खर मात्र सुरु भएको थियो । फोन आयो एल. बी. दाजुको "भाइ, एक बजे म सौराहा चोक पुग्छु । जानै पर्‍यो । निमेषको सारै माया लाग्यो । मन थामिएन ।" मित्र पूर्ण दवाडीसित बिदा मागेर टाप ।

सवा एकमा आइपुग्नु भयो दाजु । कुनै कुनै नातामाथि नै बनेर आए झैँ लाग्यो । कुन समयमा, कसरी, के भएर यो मन र त्यो मन मिल्यो, थाहा भएन । अब भाइब्रेसन मात्र होइन दाइब्रेसन पनि मिले झैँ लाग्यो डेढ घन्टे यात्रा । बाटो काट्नु छ । कसैको कुरा काटे पनि फरक नपर्ने हो । त्यसो गरिएन । हँ एउटा कुरा भनेँ- "दाजै प्राय म हजुरको गाडीमा यात्रा गर्न थालेको दुनियाँले देखिरहेछ । मलाई पनि गाडी मालिक भन्न बेर छैन ।"

"त्यति मात्र होइन छोटे, भन्नेछन्, हेर धनराज गिरी धेरै ठुलो मान्छे भएछ । एल.बी. क्षेत्रीलाई ड्राइभर राखेको छ, हा हा हा हा... ।" दाजुको यो अभिव्यक्तिलाई साहित्यिक पत्रिका अभिव्यक्ति कै यायावरमा पठाउने सल्लाह भयो । त्यसपछि दाजु समाज सुधारकको भूमिकामा प्रस्तुत हुनुभयो । मलाई स्नेहपूर्वक मेरा सबल पक्षका बारेमा जानकारी दिनुभयो । भन्नुभयो, "धनराज, तिम्रो मेमोरी पावर **Excellent**, हाँ साँच्ची नै **Excellent.** तिमीले आफ्नो प्रेममय व्यवहारद्वारा जुन जुन हस्तीहरूसित सम्बन्ध कायम गरेका छौ, त्यो पन **Appreciable. I am really Proud of you.** तिमीमा केही गुणहरू छन् । गला पनि राम्रो छ । श्रीधर लोहनीले मन पराएको आवाज हौ । तर..." यो तर, किन्तु, परन्तु, यद्यपि मानव जीवनमा आउँछन् । भीष्म पितामहलाई पनि विदुरको किन्तु र परन्तुले नदेखेको होइन । आज म पनि फेला परेँ । एल. बी. दाजु मलाई सुधार्न कस्सिनुभयो । मैले दुनियाँका धेरै धेरै सन्तान सुधारेँ । सायद आज ब्याज पाउँदै छु । "दाजु ढुक्कसित भन्नुहोस् आफ्नो अनुजको दुर्बल पक्षका बारेमा ।"**Only your real friends tell you their is dirt on your face.**" एक वाक्य अङ्ग्रेजी पनि बोलेँ । इन्द्रको अगाडि स्वर्गका कुरा । बाबुरामको अगाडि माओवादीको कुरा । कठै नेता बबुरा ! मलाई नेपालको हरेक नेतामाथि दया लाग्छ । हरेक क्याम्पस प्रमुखको माया लाग्छ । बिचरा हुन् सबै । दाजुले मलाई मज्जासित सम्झाउनुभयो । त्यही कुराहरू भन्नुभयो जुन कुरा बसौँदेखि सीता, अनिता, कविता, आरजु र अन्य अनन्य मित्रहरूबाट सुन्दै आएको छु । मलाई आफ्ना कमजोरीहरू थाहा छन् । तर यी जन्मजात होइनन् । "**Realization**" भएपछि ती खराबीहरू ढिलोचाँडो बिदा हुन्छन् । एल. बी. दाजैले मेरो आँखा खोलिदिनुभयो र थप्नुभयो, "छोटे तर हरेक मान्छेले आफ्नै शैलीमा बाँच्न पाउनुपर्दछ । आफ्नोपनमा परिमार्जन र परिष्कार गर, पुरै बदलिनु पर्दैन । फेरि ठट्टेउलो धनराज गम्भीरमान बन्न पुग्दा दुनियाँले पीर मान्न सक्छ । तिमीले तिमी नै भएर बाँच्न पाउनुपर्दछ ।" त्यसपछि हामीले आफ्ना जीवनसँगीहरूका बारेमा छोटो चर्चा गर्‍यौँ । आइपुग्यो हेटौँडा ।

सल्लाह भयो, "कसैलाई पनि थाहा नै नदिईकन कार्यक्रम स्थलमा पुग्ने ।" तर पुगियो कताकता । हेटौँडा, आफ्नै जन्मभूमि, नौलो भएछ । ड्रिम टच रेस्टुराँ नारायणी यातायात व्यवसायी सङ्घको कार्यालय नजिकै । सोध्दै खोज्दै भेटियो गन्तव्य । "वाउ" सबै जिल्ल ! निमेषको अनुहारको चमक अनुभूत गर्न लायक । हेटौँडे ठिटाहरू केही नानीहरू । सबै मुस्कुराए । मान्छे मुस्कुराएको दृश्य साह्रै लोभलाग्दो हुन्छ । 'सकस' एक थान खुसुक्क दिएँ निमेष निखिललाई । त्यति बाँकी थियो । यता एल.बी. दाजुलाई अर्कै सकस ! तिन तला, परे दाजु थला, उही घुँडा । अब के भन्ने ? म मनमनै डराएँ । आफैँसित डराएँ । सम्झिएँ नारायण ढकाल, सम्झिएँ प्रेतकल्प । आफू पनि पदमश्रीसित जोडिएको छु । यो पुरस्कार भन्ने कुरा पनि अचम्मको छ । धेरै पाठकको प्रिय लेखक हुन् नयनराज पाण्डे । सर्वाधिक चर्चा पाएको उपन्यास हो 'लू' ।

तर 'लू'ले कतैबाट भन्नाले पुरस्कारको हिसाबले, पाठकले सोचेअनुसार, न्याय पाएन । मान्छे आखिर मान्छे नै हो । मलाई पनि आश लाग्छ । अरूलाई पनि आश लाग्छ । १०३ थान पुस्तक प्रतिस्पर्धामा रहेछन् मदन पुरस्कारका लागि । बुढाहरू ढले, युवा पनि चले, एउटा बालकले पड्कायो । दिनेले दिएपछि कुरै खत्तम !

नारायण ढकाल र नयनराज पाण्डेको नियति उस्तै उस्तै लाग्यो व्यक्तिगत रूपमा डा. गोविन्दराज भट्टराई, नयनराज पाण्डे, शारदा शर्मा, खगेन्द्र सङ्ग्रौला, अमर न्यौपाने, रमण घिमिरे यी ६ पात्रहरूमा जसले पाए पनि मलाई हर्ष नै हुने थियो । 'सेतो धरती' माथि न्याय गर्दा एउटा अचम्म चाहिँ भएकै हो । उपन्यासकार अमर न्यौपाने एउटा गुमनाम सर्जक हुन् । खुरुखुरु आफ्नो काम गरिरहने । यसपालिको निर्णयमा कुनै पनि पूर्वाग्रह नभएकै हो । साथमा यो निर्णय निगाह र कृपा पनि होइन । २०६८ साल चैत्र मसान्तका दिन सौराहमा भेटेको नयनराज पाण्डे र २०६९ साल असोज ६ गते हेटौँडामा भेटेको नयनराज पाण्डेका बिचमा मनमनै तुलना गरेँ । मनको कुरा यहाँ नभनौँ । सबै कुरा व्यक्त गर्दा मजा नहुने रहेछ, युवतीले, कमलमणि दीक्षितज्यूको भाषामा, तरुणीले कम कपडा पहिरिएजस्तो । "यो मान्छे काठमाडौँको त्यत्रो मेला छोडेर यहाँ किन आयो ?" यो प्रश्नले मलाई मात्र होइन "शेरे कविडाँडा" उर्फ एल. बी. दाजुलाई पनि लखेटिरह्‍यो । हामीले यसको सौन्दर्य मीमांसा गर्‍यौँ । त्यो पनि नलेखौँ । कहिलेकाहीँ मान्छेलाई आफैँसित भाग्न मन लाग्छ । "मित्र नयनराज पाण्डे तपाईंले केही नपाएर पनि सबै कुरा पाउनु भएको छ । पाठकको मायाको मूल्य कति ?" यही सोचेँ र मैले पनि चित्त बुझाएँ ।

समयमै कार्यक्रम सुरु भयो । छवि भाइ उद्घोषक, सिर्जन सौरभ हेटौँडाको चौथो प्रस्तुति । कवि निमेष निखिलको एकल कविता वाचन । मजा आयो । निमेष निखिल अब्बल दर्जाका कवि हुन् भनिदिएमा उनैले पनि पत्याउँदैनन् । तर नराम्रै लेख्ने र सुन्दा दिक्क लाग्ने कवि चाहिँ होइनन् । कुनै कुनै कविको कविता सुन्दा म निदाउँछु । हेटौँडामा त्यो दिन, ३ घन्टा, म निदाइनँ । निखिलको रातो केश र उनको कविता भित्रको देश, यति देखेँ र सुनेँ । पछि यही भनेँ । गाउँ, समाज, देश र समय यिनै थिए उनका कवितामा । यी साझा स्वरहरू हुन् । यतिखेर मान्छेको मन झन् दुखेको छ । वाह ! तुलसी थापाज्यू, वाह ! निमेषको कवितालाई दाजुले अङ्ग्रेजीमा अनुवाद गर्नु भएको रहेछ । निखिल नेपालीमा, थापाज्यू अङ्ग्रेजीमा । यस्तो लाग्यो एउटा पादरी बाइबल सुनाइरहेछन् । मजा आयो । एल. बी. दाजुको भावोद्‌गार "हाउ ब्युटिफुल" प्रमुख अतिथि नयनराज पाण्डे "मलाई कसैले पनि कवि भन्दैनन् । म पनि कवि हुँ । कविता लेख्छु । प्रकाशित गर्दिनँ । कविमन नभैकन कोही पनि लेखक बन्न सक्दैन । कविता हरेक विधाको आमा हो । म मेरी आमालाई सम्मान गर्न यहाँ आएको हुँ ।" पररररर ताली । बररररर आँसु ... ... । मेरो आँखाबाट । एक अरब रुपैयाँभन्दा बढीको वाक्य बोलिदिए नयनले । म मात्र होइन पुरै हेटौँडा द्रवित भयो ।

"म मेरो आमालाई सम्मान गर्न यहाँ आएको हुँ ।" पछि पनि यो वाक्य "वेदवाणी" बनेर मेरो कानमा गुञ्जिरह्‍यो । नयनलाई फोनमा भने "नयनजी, हेटौँडा यात्राको धेरै संस्मरण लेखेँ । यसपालि नलेख्ने मुडमा थिएँ, तर भित्रको एक वाक्यले नलेखी धरै दिएन ।

"के बोलेँ र मैले त्यस्तो ?" नयनजी ।

"आज भन्दिनँ, संस्मरण लेखेपछि थाहा हुन्छ ।"

यसरी एक वाक्यले यो संस्मरण लेखायो । कार्यक्रम सकिएपछि एल. बी. दाजु घुँडाका कारणले हेटौँडामै बस्न खोज्दै हुनुहुन्थ्यो । नयनजीलाई चितवन नै ल्याउने योजना पनि गरियो । "दाजु, आज हामी हेटौँडा नबसौँ, मेरो बाइक सौराहचोकमा लाबारिस छ ।" दाजुले मान्नुभयो । पछि बाटोमा अरू कुरा पनि भए । चरैवेती छैटौँ अङ्कका लागि रचनाहरू जम्मा गर्ने जिम्मा लिएँ । "भाइ धनराज, यो घुँडा र त्यो दिनको पानीले सब चौपट बनायो । ४, ५, ६ र ७ गते हामी काठमाडौँमै हुनुपर्ने थियो । हामीले ठुलो मौका गुमायौँ ।" मनमनै सोचेँ, दाजुलाई भनिनँ, "पहिलो प्राथमिकता घर, दोस्रो प्राथमिकता जागिर र तेस्रो प्राथमिकता साहित्यलाई दिएको मान्छे परियो आफू ।" त्यो भिडमा हुनु र नहुनुको के अर्थ ? अब कति चिनिने । दौडिएर मात्रै साहित्य हुँदैन तर राजधानीका मानक स्रष्टाहरूले "म चितवनमै छु" भन्दा चाहिँ आश्चर्य मानेँ । निम्तै, निम्ता । असोज महिनाभरि निम्ता । आफू कतै पनि नजाने । घर नछोड्ने । क्याम्पसमा नयाँ भर्नाको समय छ । गैरजिम्मेवार बन्ने कुरा आएन । ज्या ! भुसुक्कै । कार्यक्रममा बोल्ने क्रममा प्रमुख अतिथिभन्दा अगि एल. बी. दाजु बोल्नु भयो । उही त हो, एल. बी. शैली, कडा प्रशासक, कडा अभिभावक, कडा अनुशासनको हिमायती । एल. बी. दाजु बोल्न थालेपछि साइड टक आर्यघाट पुग्नुपर्दैन । अरू बेलामा म पनि खासखुस गर्दछु । एल. बी. दाजु बोल्न थालेपछि चुप ! एल. बी. दाजैवाच "म आफ्नै घुँडासित सम्झौता गर्दै थिएँ । मैले मेरो घुँडालाई भनेँ, ए ! घुँडा कमसेकम आजको एक दिनलाई नदुख । भोलिबाट मन लागेको गर । आज मलाई हेटौँडा जानु छ । जानैपर्छ । मेरो छोटेलाई लानै पर्छ । हेटौँडामा खाजा खानैपर्छ । ए घुँडा, आज एक दिन आ, तँ र म सम्झौता गरौँ । तर घुँडाले मानेन, पटक्कै मानेन, मान्दै मानेन, वैद्य समूहतिर लाग्यो । मलाई पनि झोक चल्यो र मैले आफ्नो स्वविवेकी निर्णय जङ्गी शैलीमा सुनाएँ," ठीक छ, भनेको नमान, दुखिरह । म हिँडे हेटौँडा । अब म पनि तँलाई वास्ता गर्दिनँ ।" त्यसपछि निमेषको कवितामाथि, तुलसी थापा दाजुको अनुवाद माथि आफ्नो धारणा राख्नुभयो ।

उहाँको प्रस्तुति खुद्रामा हुँदैन । मैले बाटोमा एल. बी. दाजुलाई भनेँ, "दाजु तपाईंको व्यक्तित्व बडो लोभलाग्दो छ । ईर्ष्यालाग्दो पनि छ । मानिसहरू तपाईंलाई कुनै पनि पदमा राख्न समूहमा बोलाउन डराउँछ । उनीहरू आफूलाई सर्प र तपाईंलाई गरुड ठान्छन् । तपाईंको भाइको नियति पनि त्यही हो ।" दाजुले सहर्ष स्विकार्नुभयो र भन्नुभयो, "ठीक भन्यौ भाइ, मलाई पनि शङ्का लागेको थियो । भाइको यो मूल्याङ्कनमा दम छ ।, सत्यता छ ।" यो संसार अनौठो छ । बाख्राको बथानले बाघको उपस्थितिलाई स्विकार्दैन । मूर्खहरूको बीचमा बुद्धिमान् घाँडो हुन्छ । अवैज्ञानिक आस्तिकहरू वैज्ञानिक नास्तिकसित डराउँछन् । योग्य र सक्षम एवम् इमान्दार गुरुलाई अक्षम र पाटेअल्छी तथा कथित् गुरुहरूले सहँदैनन् । मैले लामो अनुभवमा के अनुभूत गरेँ भने यो पृथ्वीमा दम भएको स्वाभिमानी मान्छे प्राय: एक्लै हुन्छ । ऊ एकान्तमा रमाउँछ । मानसिक दरिद्रहरू र लोभिपापी दासहरूबाट सदा टाढा रहन्छ । एल. बी. दाजु पनि चितवन जिल्लामा छुट्टै परिचय बनाएको एक विशिष्ट पात्र हुन् भन्दा कसैले टाउको दुखाउनु पर्दैन । एल. बी. क्षेत्री र उच्च तहका अङ्ग्रेजीका बारेमा २०४४/२०४५ सालतिरै राम्रै कायाकैरन सुनेको थिएँ । उहाँ नेपालीमा अङ्ग्रेजी पढाउने मान्छे चाहिँ होइन । उहाँले सुरुमै पढाएका चेलाचेलीहरूको 'क्वालिटी' अनुभूत गर्दा थाहा पाएँ । त्यसै 'वि वान्ट एलबी क्षेत्री' भनेका र हेनछन् । त्यो कालखण्डका विद्यार्थीहरूले ।

फेसबुकमा उहाँलाई सम्झन गर्ने चेलाचेलीहरू अनन्त । यस मानेमा हामी दुवै भाइ भाग्यमानी हौँ । अङ्ग्रेजी मेरो पनि रुचिको विषय हो । माध्यमिक स्तरमा मैले पनि केही चेलाचेलीलाई ए.बी.सी.डी... पढाएँ । यही विषयमा स्नातकोत्तर गर्ने धोको आजसम्म धोकोमै सीमित भएको छ । धेरै धोकोहरूले धोका पाएँ । धोका नै मेरो जीवनको सहयात्री झैँ लाग्दछ तर जीवनसित कुनै गुनासो छैन । हेटौँडाबाट फर्किंदा यिनै विषयहरूमा कुराकानी भए । हामी दुवैको मनमा 'लू' । कसको मनमा डेरा जमाएन र यस उपन्यासले ? यो मात्र होइन, नयनराज पाण्डेका हरेक किताब अब्बल दर्जाका । 'निदाएँ जगदम्बा कथा सङ्ग्रह' भाइ उदय अधिकारीले पढ्न दिए । त्यसपछि म नयनराज पाण्डेतर्फ आकर्षित भएको हुँ ।

२०६५ सालमा मन्थली गएँ म, दाजु जगदीश घिमिरेको निम्तामा । नयनजीसित त्यहीँ मिलन भयो । त्यो मिलन दोस्तीमा बदलियो । हरेक मिलन सार्थक हुँदै गए । दाजु गोविन्दराज भट्टराई भन्नुहुन्छ, "मलाई न पहिले कुनै अपेक्षा थियो, न आज छ र भविष्यमा नै रहन्छ । म आफ्नो काम गरिरहन्छु ।" नयनजीले पनि त्यही भाषा दोहोर्‍याउनुभयो । यथार्थमा पुरस्कार कागताली पनि हो । फेरि हरेक निर्णयलाई गलत भन्नु पनि न्याय सङ्गत नहुन सक्दछ ।

## सातको सिर्जना

**कविता :**

## म त भान्से

● अप्सरा तिम्सिना

*मलाई भान्सा पनपर्छ*
*डाडु समाउँछु, पन्यु समाउँछु*
*भान्सामै रमाउँछु*
*म त भान्से*
*मेरो भान्साले मलाई*
*मनपराउँछ*
*म उसलाई प्रणयपुतली ठान्छु*
*लाग्छ, हामी बीच*
*वाष्पको मञ्जुलताले*
*बेस्सरी जेलिएको*
*प्रगाढ प्रेम सम्बन्ध छ*
*न उसले मलाई तोड्न सक्छ*
*न म उसलाई छाड्न सक्छु*
*म भान्सालाई भन्ने गर्छु*
*नरिसाऊ प्रिय*
*तिमी बिना म बाँच्नै सक्दिनँ*
*उसले मलाई भन्ने गर्छ*
*तिम्रो अभावमा टिक्नै सक्दिनँ*
*हो, म त भान्से*
*मलाई भान्सा मनपर्छ*
*कुचो समाउँछु, लुँडो घुमाउँछु*
*भान्सामै रमाउँछु*
*म त भान्से*
*आशा भोसले, अरुणा लामा*
*भान्सामै मलाई भेट्न आउँछन्*
*नारायण गोपाल, उदित नारायण*
*मेरै स्वरमा गुन्गुनाउँछन्*
*यही भान्साको भऱ्याङ हुँदै*
*पासाङ्ले शिखर चुमिन्*
*यही भान्साको परागले*
*पारिजात मगमगाइन्*
*सुरनारी नाइटिङगेलले*
*टुकी सल्काइ झलमल पारिन्*
*र त म*
*गर्व साथ भन्छु*
*म त भान्से*
*चम्चा उठाउँछु, फिर्के घुमाउँछु*
*भान्सामै रमाउँछु*
*म त भान्से*

*कहिलेकहीं*
*म उहाँलाई भन्ने गर्छु*
*मलाई भान्सामै ड्युटिफुल गर्नुस्*
*मलाई कुनै सुर्ता छैन*
*दिक्क हैरानी लाग्दै लाग्दैन*
*किनकि*
*यो त मेरै काम हो*
*भगवान्‌कै वरदान हो*
*यही त मेरो पहिचान हो*
*नुनभुटुन र मसलाको*
*समागम गराउँदै*
*नवल र दमयन्ती*
*हरदम पुकार छु*
*पानीको चास्नीमा*
*औंला डुबाउँदै*
*मिठासमा परिवारको*
*खुसी थपाछु*
*साँच्चै,*
*म त भान्से*
*भान्सा मै रमाउँछु*

*दुध जमेको ठेकीमा*
*मदानी घुमाउँछु*
*नौनीको ठिक्का*
*अरूलाई थमाउँछु*
*म त भान्से*
*भान्सामै रमाउँछु*

*मलाई मासिक केही दिन*
*छुट्टी मिल्छ*
*भान्साको ड्युटी*
*उहाँलाई जान्छ*
*किन किन,*
*वहाँ र भान्साको*
*ग्रह गोचर नै मिल्दैन*

मध्यस्थता
Madhyasthata Weekly साप्ताहिक

२०८२ मंसिर १४ गते आइतबार
(30th Nov., Sunday 2025)

# मंसिर २० बाट डोजर चल्ने

मध्यस्थता

मकवानपुरको हेटौंडा बजार क्षेत्रको मुटु मानिने मुख्य सडक विस्तार कार्य लामो समयदेखि अन्योलमा पर्दै आएको भए पनि अब भने निश्चित मितिसहित अघि बढ्ने भएको छ। सडक अतिक्रमण, संरचना हटाउने विषयमा देखिएको अलमल अन्त्य गर्दै सडक डिभिजन कार्यालय हेटौंडाले मंसिर २० गतेबाट सडक विस्तार कार्य सुरु गर्ने स्पष्ट पारेको छ। यसको तयारीस्वरूप बिहीबार देखि अतिक्रमण गरी निर्माण गरिएका स्थायी तथा अस्थायी संरचनामा रेखांकन र रङ लगाउने काम औपचारिक रूपमा सुरु गरिएको छ।

सडक डिभिजन कार्यालयले हेटौंडा उपमहानगरपालिका–१५ अन्तर्गतको रातोमाटे क्षेत्रबाट पहिलो चरणको मार्किङ कार्य थालेको हो। यसअघि कार्यालयले मंसिर ५ गते १५ दिने सार्वजनिक सूचना जारी गर्दै सडक विस्तार क्षेत्रमा पर्ने संरचना आफैं हटाउन आग्रह गरेको थियो। उक्त सूचनाको म्याद यही मंसिर १९ गते समाप्त हुँदैछ। निर्धारित समयसीमाभित्र सम्बन्धित घरधनी वा व्यवसायीले संरचना नहटाए मंसिर २० गते बिहानैदेखि डोजर परिचालन गरी अतिक्रमित संरचना भत्काउँदै सडक विस्तारको काम अघि बढाइने सडक डिभिजन कार्यालय हेटौंडाका प्रमुख गुरुप्रसाद अधिकारीले जानकारी दिए।

अधिकारीका अनुसार सडक विस्तारको कामलाई तीव्र र प्रभावकारी बनाउन चारवटा फरक–फरक स्थानबाट एकैपटक डोजर चलाइनेछ। उनले भने, '१९ गतेसम्म अतिक्रमित संरचना स्वयं नहटाए २० गते बिहानदेखि डोजर प्रयोग गरेर संरचना हटाइनेछ। यसमा कुनै किसिमको ढिलाइ हुँदैन।' कार्यालयले यसअघि नै आवश्यक प्राविधिक तयारी, जनशक्ति व्यवस्थापन र उपकरणको व्यवस्था गरिसकेको जनाएको छ।

अतिक्रमित संरचना हटाउने कार्य सुरु भएपछि हेटौंडा बजार क्षेत्रको मुख्य सडकमा सवारी साधनको आवागमन प्रभावित हुने जनाइएको छ। जिल्ला प्रहरी कार्यालय मकवानपुर र जिल्ला ट्राफिक कार्यालय हेटौंडाले संयुक्त रूपमा जानकारी दिँदै संरचना भत्काउने अवधिमा मुख्य सडक बन्द रहने र सवारी साधनहरूलाई वैकल्पिक बाइपास सडक प्रयोग गराइने बताएका छन्। यात्रु तथा सवारी चालकलाई असुविधा नहोस् भनेर आवश्यक ट्राफिक व्यवस्थापन गरिने पनि जनाइएको छ।

सडक विस्तार कार्यलाई व्यवस्थित, समन्वयात्मक र विवादरहित रूपमा अघि बढाउन जिल्ला प्रशासन कार्यालय मकवानपुरले विशेष 'टास्क फोर्स' गठन गरेको छ। बुधबार बसेको सरोकारवाला निकायहरूको बैठकले सडक डिभिजन कार्यालय मकवानपुरका इन्जिनियर यादव सुवेदीको संयोजकत्वमा उक्त टास्क फोर्स गठन गर्ने निर्णय गरेको हो। समितिमा हेटौंडा उपमहानगरपालिका, जिल्ला प्रहरी कार्यालय, नापी कार्यालय, खानेपानी व्यवस्थापन बोर्ड, वन कार्यालय, नेपाल विद्युत् प्राधिकरण, दूरसञ्चार प्राधिकरणलगायतका विभिन्न सरकारी निकायका प्रतिनिधि सदस्यका रूपमा रहेका छन्।

टास्क फोर्सको कार्यालय सडक डिभिजन कार्यालयमै रहने व्यवस्था गरिएको छ। समितिले गठनसँगै बुधबारबाटै माइकिङमार्फत जनसूचना प्रवाह, स्थल अनुगमन र प्रारम्भिक समन्वयका काम सुरु गरिसकेको जनाएको छ। मकवानपुरका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले सडक विस्तारको क्रममा विद्युत्, खानेपानी, टेलिफोनजस्ता अत्यावश्यक सेवामा कुनै अवरोध नआओस् भनेर सम्बन्धित निकायसँग निरन्तर समन्वय भइरहेको जानकारी दिए।

हेटौंडा बागमती प्रदेशको राजधानी भएकाले यसलाई सुन्दर, व्यवस्थित र सुरक्षित सहरका रूपमा विकास गर्न सडक विस्तार अपरिहार्य रहेको प्रजिअ अधिकारीको भनाइ छ। उनले एसियाली विकास बैंक (एडिबी) बाट आवश्यक बजेट सुनिश्चित भइसकेकाले कुनै पनि हालतमा यो योजना रोकिने अवस्था नरहेको स्पष्ट पारे। 'घरधनीहरूले स्वयं संरचना हटाइदिए काम अझ सहज हुन्छ। सबै पक्षलाई जितको अनुभूति हुने गरी प्रक्रिया अघि बढाइनेछ।' उनले भने।

सडक डिभिजन कार्यालय हेटौंडाले सार्वजनिक सूचना जारी गर्दै रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म तथा बुद्धचोकदेखि सामरी पुलसम्मको सडक खण्डमा सडकको मध्यभागबाट दायाँ–बायाँ २५–२५ मिटर क्षेत्रभित्र पर्ने सबै स्थायी र अस्थायी संरचना १५ दिनभित्र हटाउन आग्रह गरेको छ। तोकिएको समयसीमा सकिएपछि भने कुनै पूर्वसूचना बिना बलपूर्वक संरचना हटाइने स्पष्ट पारिएको छ। लामो समयदेखि रोकिँदै आएको सडक विस्तार अब भने कार्यान्वयनको चरणमा पुगेपछि हेटौंडाको सहर व्यवस्थापन र यातायात सुधारमा ठोस परिवर्तन आउने अपेक्षा गरिएको छ।

# पशुसेवाले सार्वजनिक गर्‍यो पशुपालन योजना

मध्यस्थता

मकवानपुरमा पशु सेवा कार्यालयले चालु आर्थिक वर्षका लागि स्वीकृत वार्षिक कार्यक्रम सार्वजनिक गर्दै अब तीव्र गतिमा कार्यान्वयन हुने संकेत दिएको छ। कार्यालयले आयोजित विशेष गोष्ठीमार्फत् चालु वर्षका वार्षिक कार्यक्रम, खर्च र प्राथमिकताका क्षेत्रहरूको विस्तृत विवरण सार्वजनिक गरेको हो।

कार्यालय प्रमुख वरिष्ठ पशु विकास अधिकृत डा.रामप्रकाश प्रधानका अनुसार चालु खर्चतर्फ ४ करोड ९६ लाख रुपैयाँ र पुँजीगत खर्चतर्फ २३ लाख ४० हजार रुपैयाँ बराबरका कार्यक्रम यस वर्ष कार्यान्वयनमा ल्याइने छन्। जेन–जी आन्दोलनपछि केही समयका लागि बजेट कटौती र ढिलाइ भए पनि अब सबै कार्यक्रम तीव्र गतिमा अघि बढ्ने डा. प्रधानले स्पष्ट पारे।

डा.प्रधानले विशेषगरी खोप तथा रोग नियन्त्रणलाई प्राथमिकतामा राखिने जानकारी दिए। खोरेत रोग क्षेत्र कार्यक्रमअन्तर्गत खोप कार्ड छपाइ, समन्वय बैठक र आवश्यक पूर्वतयारी कार्यहरू सञ्चालन गरिने छन्। साथै चालु आर्थिक वर्षमा 'एक वडा–एक कृषि उत्पादन' कार्यक्रम व्यापक रूपमा सञ्चालन गरिने र यसका लागि ५६ लाख रुपैयाँ विनियोजन गरिएको जानकारी उनले दिएका छन्। यससँगै कार्यालयले पशुपंक्षी रोग सर्भिलेन्स, नमुना संकलन तथा परीक्षण, संक्रामक रोगविरुद्धको खोप कार्यक्रम, मत्स्यपालन क्षेत्र विकास र पशुपंक्षी तथा मत्सजन्य पदार्थको उपभोग प्रवर्द्धनजस्ता महत्वपूर्ण कार्यक्रमहरूलाई प्राथमिकताका साथ अघि बढाउने योजना बनाएको छ।

डा.मदन भण्डारीले त्रैमासिक प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए। गोष्ठीमा इन्द्रसरोवर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनी, मकवानपुरगढी–६ का वडाध्यक्ष कृष्णप्रसाद बजगाई, कैलाश–३ का वडाध्यक्ष देवलाल बल, पशुपंक्षी निर्देशनालयका वरिष्ठ पशु अधिकृत डा. सन्तोष घिमिरे, डा. कमल अधिकारी लगायतले आफ्ना धारणा प्रस्तुत गरेका थिए। कार्यक्रममा जिल्लाका विभिन्न स्थानीय तहका पशु शाखा प्रमुख तथा प्रतिनिधिहरूको सक्रिय सहभागिता रहेको थियो।

गोष्ठीमा प्रस्तुत योजनाहरूले जिल्लामा पशुपालन र मत्स्यपालन क्षेत्रमा दीर्घकालीन सुधार, रोग नियन्त्रणको प्रभावकारिता, उत्पादन क्षमता वृद्धि र स्थानीय कृषि–आधारित आम्दानीमा सकारात्मक योगदान पुर्‍याउने अपेक्षा गरिएको छ। विशेषज्ञहरूले खोप तथा रोग व्यवस्थापनलाई प्रभावकारी बनाउने, स्थानीय तहसँग समन्वय सुदृढ गर्ने र कृषकलाई प्रशिक्षण तथा आवश्यक सहयोग उपलब्ध गराउने कुरामा जोड दिएका छन्। पशुपालन कार्यालयले अबका महिनाहरूमा योजनाको पूर्ण कार्यान्वयन गर्दै आर्थिक वर्ष २०८२/८३ मा लक्ष्य प्राप्तिका लागि तीव्रता दिने र दीर्घकालीन प्रभाव सुनिश्चित गर्ने प्रतिबद्धता जनाएको छ।

# सुशासन दिलाउने मुख्यमन्त्री बानियाको प्रतिबद्धता

मध्यस्थता

बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले प्रदेशमा भ्रष्टाचारमुक्त समाज निर्माण गर्दै सुशासनको सुनिश्चितता दिलाउने प्रतिबद्धता व्यक्त गरेका छन्। पूर्वी मकवानपुरको बकैया गाउँपालिका वडा नं. ५ र ६ जोड्ने अत्यावश्यक संरचना मानिने कर्मचुली जुइना सुकौरा खोला मल्टिसेल बक्स पुलको शिलान्यास समारोहमा मुख्यमन्त्री बानियाँले यस्तो प्रतिबद्धता जनाएका हुन्।



मुख्यमन्त्री बानियाँले जेन–जी पुस्ताको आन्दोलनले देशमा भएका विभिन्न जनधनको क्षति र सामाजिक प्रभावको चर्चा गर्दै युवा पुस्ताले उठाएका मागको सम्मान गर्दै आवश्यक नीति तथा कार्यक्रम अघि बढाइरहेको बताए। उनले संघीयताले देशभर गरिबलाई धनी बन्ने अवसर प्रदान गरेको र विभिन्न स्थानमा विकासगत गतिलाई अझ सुदृढ बनाएको दाबी गरे। साथै, पुल निर्माण कार्य समयमा सम्पन्न गराउन सम्बन्धित निर्माण कम्पनी लाई निर्देशन दिइएको कुरा पनि उनले उल्लेख गरे। बागमती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री डा. दिनेश चन्द्र देवकोटाले विशेष परिस्थितिमा बजेट विनियोजन भइ पुल निर्माण सुरु भएको जानकारी गराउँदै पुल समयमा नै सम्पन्न हुने सुनिश्चितता व्यक्त गरे। मन्त्री देवकोटाले आर्थिक र सामाजिक रुपान्तरणका लागि उत्पादनसँग जोडिनुपर्ने आवश्यकता रहेको पनि औँल्याए।

मुख्यमन्त्री बानियाँले शिलान्यास गरेको कर्मचुली जुइना सुकौरा खोला पुल बागमती प्रदेश सरकारको ६ करोड ८९ लाख ४९ हजार ७ सय ५४ रुपैयाँ लागतमा निर्माण हुने बताइएको छ। यस पुल निर्माणको प्रारम्भिक लागत अनुमान ८ करोड २४ लाख ६८ हजार ९८५ रुपैयाँ रहेकोमा, श्री बिन्ध्याचल निर्माण सेवा कम्पनीसँग २०८२ असार ८ गते ६ करोड ८९ लाख ४९ हजार ७ सय ५४ रुपैयाँमा ठेक्का सम्झौता भएको हो। पुलको निर्माण कार्य २०८४ असार ७ गते भित्र सम्पन्न गर्नुपर्ने लक्ष्य राखिएको छ।

पुल निर्माणपश्चात् बकैया गाउँपालिका क्षेत्रमा करिब ८ सय घरधुरीको आवत–जावत सहज हुनेछ। वर्षा समयमा विद्यालय जाने विद्यार्थीहरू, किसान, स्थानीय बासिन्दा तथा गौतम बुद्ध अन्तर्राष्ट्रिय पर्यटन पार्कको भ्रमणकर्ता सबैलाई यस पुलले सहजता प्रदान गर्नेछ। यस पुल नहुँदा विशेषगरी बकैया–६ का विद्यार्थीहरूले वर्षा समयमा विद्यालय जान कठिनाइ भोग्नु परेको थियो।

शिलान्यास कार्यक्रममा बागमती प्रदेश सभा सदस्य प्रेमबहादुर पुलामी, बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछाने, निवर्तमान गाउँपालिका अध्यक्ष दामोदर खनाल, निवर्तमान उपाध्यक्ष सरला बोलखे लगायत विभिन्न राजनीतिक दलका प्रतिनिधि, समाजसेवी र स्थानीय बासिन्दा हरूको समेत उपस्थिति रहेको थियो। समारोहमा सहभागीहरूले पुल निर्माणले क्षेत्रीय विकासमा मात्र नभई स्थानीय जीवनस्तर र समुदायको समग्र कल्याणमा पनि महत्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा व्यक्त गरेका थिए।

पुल निर्माणसँगै बकैया गाउँपालिका वडा ५ र ६ को भौगोलिक दूरी घट्ने, यातायात व्यवस्थित हुने, विद्यार्थी र किसानको दैनिक जीवनमा सहजता आउँने र पर्यटन प्रवाह समेत बढ्ने विश्वास गरिएको छ। समारोहमा मुख्यमन्त्री बानियाँ, मन्त्री देवकोटा र अन्य उपस्थित व्यक्तिहरूले पुलले सिर्जना गर्ने दीर्घकालीन सामाजिक र आर्थिक लाभका विषयमा आफ्ना विचार प्रस्तुत गर्दै, समयमै पुल निर्माणको पूर्णता सुनिश्चित गर्ने प्रतिबद्धता दोहोर्‍याएका थिए।

# पैदलयात्रीको मृत्यु

मध्यस्थता

हेटौंडा उपमहानगरपालिका–४ कर्रा चोकस्थित पूर्व–पश्चिम राजमार्गमा मंगलबार भएको सडक दुर्घटनाले एक जना पैदल यात्रीको मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरिक्षक पुस्कर बोगटीका अनुसार दुर्घटना पशुपतिनगरबाट हेटौंडा बजारतर्फ आउँदै गरेको ना ३८ प ४५५० नम्बरको मोटरसाइकलले पैदल हिँडिरहेकी महिलालाई ठक्कर दिँदा भएको हो।

ठक्करबाट गम्भीर घाइते भएकी पर्सा वीरगञ्ज महानगरपालिका–१६ नागवा निवासी तथा हाल हेटौंडा–१० कर्रामा डेरा गरी बस्ने ५५ वर्षीया खुइली डोमलाई उपचारका लागि तुरुन्तै हेटौंडा अस्पताल ल्याइएको थियो। तर, अस्पतालमा उपचारका क्रममा उनको अवस्था बिग्रँदै गएपछि मृत्यु भएको प्रहरीले पुष्टि गरेको छ। दुर्घटनाको कारण र ठक्कर दिने मोटरसाइकल चालकको संभावित लापरबाहीबारे अनुसन्धान भैरहेको छ।

घटनास्थलमा पुगेको प्रहरीले मोटरसाइकल र चालकलाई नियन्त्रणमा लिएको छ। चालक बाराको सिम्रनगढ नगरपालिका–११ निवासी २५ वर्षीय सुनिल ठाकुर रहेका छन्। घटनास्थलमा संकलित प्रारम्भिक प्रमाण र साक्षीको बयानका आधारमा प्रहरीले थप अनुसन्धान सुरु गरेको जनाएको छ। मृतकको शव हेटौंडा अस्पतालमै राखिएको छ भने प्रहरीले परिवारजनलाई जानकारी दिँदै आवश्यक कानुनी प्रक्रिया अघि बढाइरहेको छ।

### *आशाको उज्यालो यात्रा*

देखिनसक्दा पनि, मनभित्र पीडा दिन प्रतिदिन बढ्दै जान्छ। उनीहरूले अस्पतालको ढोका खोलेर उपचार खोज्दा कहिलेकाहीं संवेदनहीन व्यवहारले घाउ थप्छ, काम गर्ने ठाउँमा रोग थाहा पाएपछि डरले सुत्ने रातहरू अझै कठिन बनाउँछ।

समाजले उनीहरूलाई 'अपराधी' ठान्छ जस्तो व्यवहार गर्दा, परिवारको समर्थन पनि कहिलेकाहीं अपूरो रहन्छ। यसले संक्रमित महिलाहरूलाई केवल रोगको बोझ मात्र होइन, आत्मसम्मान र आत्मविश्वासको बोझ पनि बोक्न बाध्य बनाउँछ। कतिपयले आफ्ना सन्तानको भविष्यका लागि गाउँ छोडेर शहरमा संघर्ष गर्नुपर्छ।

तर यी पीडाभरिएका जीवनमा आशाका किरणहरू पनि देखिन थालेका छन्। तालिम, स्वास्थ्य सहयोग र सामाजिक सहकार्यले उनीहरूलाई आफ्ना अधिकार र जीवनको मूल्य बुझ्न मद्दत गरिरहेको छ। समाजले यदि नकारात्मक दृष्टिकोण त्यागेर मानवताको नजरले हेर्न थाल्यो भने, एचआईभी संक्रमितहरूको पीडा केवल व्यक्तिगत मात्रै नभई, सामूहिक समझदारी र सहिष्णुताको माध्यमबाट हराउन सकिन्छ।

# बहिष्कारले थला कार्यपालिका

मध्यस्थता

बुधबार बिहान हेटौंडा उपमहानगरपालिकाको कार्यालय परिसर सामान्यजस्तै देखिन्थ्यो, तर भित्रै कतै असहज मौनता फैलिएको थियो। बिहान ८ बजेका लागि बोलाइएको २९ सदस्यीय कार्यपालिका बैठक सुरु हुनुअघि नै राजनीतिक असन्तुष्टिले वातावरण तातिसकेको थियो। कांग्रेस र एकीकृत समाजवादीबाट निर्वाचित जनप्रतिनिधि हरू बैठकमा नआएपछि कार्यपालिका बैठक बस्ने सकेन र औपचारिक रूपमा स्थगित गरियो।

बैठक बहिष्कार गर्नेमा नेपाली कांग्रेसका नौजना वडा अध्यक्षसहित उपमेयर राजेशकुमार बानियाँ र एकीकृत समाजवादीबाट निर्वाचित एक जना वडा अध्यक्ष थिए। उनीहरूको अनुपस्थितिका कारण कार्यपालिकामा आवश्यक संख्या नपुग्दा बैठक प्रारम्भ हुन सकेन। एमालेबाट निर्वाचित केही वडा अध्यक्षहरू भने निर्धारित समयमा उपमहानगरपालिकाको कार्यालयमा उपस्थित भए पनि बैठक नबस्ने निश्चित भएपछि फर्किएका थिए।

कांग्रेसबाट निर्वाचित जनप्रतिनिधि हरूले अघिल्लो कार्यपालिका बैठकमा आफूहरूलाई धारणा राख्न नदिइएको भन्दै असन्तुष्टि जनाउँदै बैठक बहिष्कार गरेको बताएका छन्। कांग्रेसबाट निर्वाचित एक वडा अध्यक्षले भने, 'आफ्नो धारणा राख्नै नपाउने भएपछि बैठकमा किन सहभागी हुनु भनेर हामी गएनौं।' उनका भनाइमा, अघिल्लो बैठकमै देखिएको व्यवहारले यसपटक बैठकमा नजाने निर्णय गर्न बाध्य बनाएको हो। हेटौंडा उपमहानगरपालिकाका प्रवक्ता एवम् कांग्रेसको तर्फबाट वडा नम्बर १ मा निर्वाचित वडाध्यक्ष सविन न्यौपानेले विवादको पृष्ठभूमि स्पष्ट पारे। उनका अनुसार, अघिल्लो कार्यपालिका बैठकको एजेन्डामाथि छलफल भइरहँदा मेयर मीनाकुमारी लामाले कांग्रेस निकट वडाध्यक्षहरूलाई आफ्नो धारणा राख्न फ्लोर नदिएपछि तनाव उत्पन्न भएको थियो। 'अघिल्लो बैठकमा एजेन्डा माथि छलफल गर्दा हामीले बोल्ने समय मागेका थियौं, तर पाइएन।

मध्यस्थता
Madhyasthata Weekly साप्ताहिक



# बकैयामा भव्य प्रशासनिक भवन

मध्यस्थता

पूर्वी मकवानपुरको बकैया गाउँपालिका कार्यालय परिसर बुधबार बिहान असाध्यै फरक देखिन्थ्यो । हात्तीसुँढे क्षेत्रको आकाशमुनि उभिएको चार तले भव्य भवन केवल सिमेन्ट, रड र सिसाको संरचना मात्र थिएन, त्यो बकैया गाउँपालिकाको बदलिँदो अनुहार, स्थानीय शासनको आत्मविश्वास र गाउँमै सम्भावना खोज्ने विश्वासको प्रतीक बनेको थियो । यही वातावरण बीच बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले नवनिर्मित सुविधा सम्पन्न प्रशासनिक भवनको औपचारिक उद्घाटन समारोहमा मुख्यमन्त्री बानियाँको मन्तव्य केवल भवन उद्घाटनमा सीमित रहेन, उनले लोकतान्त्रिक व्यवस्थाको सार र त्यसले नागरिकलाई दिएको अधिकारबारे स्पष्ट धारणा राखे । लोकतन्त्रले नागरिकलाई सही प्रतिनिधि छान्ने अधिकार मात्र नभइ मन नलागे पार्टी वा उम्मेदवार परिवर्तन गर्ने स्वतन्त्रतासमेत दिएको उनको भनाइ थियो । उनले लोकतन्त्र, संघीयता र समावेशी गणतन्त्रले देशका भूगोल, समुदाय र वर्गलाई न्याय दिलाउने संरचना स्थापित गरिसकेको उल्लेख गर्दै गणतन्त्र र समावेशी संरचना देशभर लागू भइसकेको बताए ।



तर, उनले वर्तमान व्यवस्थाप्रति असन्तुष्ट केही समूह अझै सक्रिय रहेको टिप्पणी गर्न पनि छुटाएनन् । मुख्यमन्त्री बानियाँले गाउँगाउँमा विकास पुगेको, बाटो-पुल बनेको र आधारभूत सुविधा विस्तार भएको दृश्य मन नपराउनेहरू अहिले पनि यो व्यवस्था उल्ट्याउने सोचमा रहेको बताए । 'गाउँमा विकास पुगेको, बाटो-पुल बनेको, सुविधा पुगेको मन नपर्नेहरू अझै पनि यो व्यवस्था उल्ट्याउने सोचमा छन्, तर यस्ता सोच र व्यवस्था धेरै टिक्दैनन्, समयले त्यसलाई आफैँ छोडेर जान्छ ।' उनले भने । उनका अनुसार लोकतान्त्रिक व्यवस्थामा कमी कमजोरी देखिए सुधार गर्न सकिन्छ, गल्ती गर्नेलाई कानुनअनुसार दण्डित गर्न सकिन्छ र राज्य प्रणाली लाई क्रमशः सुधार्दै अघि बढ्न सकिन्छ ।

कार्यक्रममा बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेले पालिकाले कृषि, शिक्षा र विकास-निर्माणका क्षेत्रमा उल्लेखनीय लगानी गरेको बताए । पूर्वाधार विकासका दृष्टिले बकैया गाउँपालिका मकवानपुरका अन्य स्थानीय तह भन्दा कम नभएको दाबी गर्दै उनले विकाससँगै आयआर्जनका अवसर सिर्जना गर्नु पालिकाको प्राथमिकता रहेको स्पष्ट पारे ।

उनका अनुसार, केही वर्षअघि सम्म बकैया गाउँपालिकाका धेरै नागरिकले 'बच्चा पढाउन गाह्रो' र 'घर चलाउन कठिन' भन्ने गुनासो गर्थे । यही समस्यालाई कम गर्न गाउँपालिकाले स्थानीय स्तरमै नयाँ अवसरहरू सिर्जना गरेको उनले बताए । 'धेरैले रक्सी पसल छोडेर कृषिमा लागेका छन् । विदेश जाने तयारीमा रहेका युवाहरू अहिले ५-१० वटा गाई पालेर गाउँमै राम्रो आम्दानी सम्भव देखेर यही काममा लाग्न थालेका छन् ।' अध्यक्ष लामिछानेले भने । उनका अनुसार यसले गाउँको आर्थिक उन्नतिमा सकारात्मक प्रभाव पारेको छ र स्थानीय अर्थतन्त्र क्रमशः सुदृढ बन्दै गएको छ ।

बकैया गाउँपालिका वडा नम्बर ३ स्थित हात्तीसुँढेमा गाउँपालिकाको कार्यालय परिसरमै निर्माण गरिएको यो चार तले प्रशासनिक भवन यसअघि ट्रस्टको भवनमा सञ्चालन हुँदै आएको कार्यालयको विकल्प बनेको छ । नवनिर्मित भवनमा प्रमुख प्रशासकीय अधिकृतका लागि आवासीय सुविधा, व्यवस्थित बैठक कक्ष, पार्किङलगायतका आवश्यक संरचना रहेका छन् । संघीय सरकारको ६० प्रतिशत र गाउँपालिकाको ४० प्रतिशत लगानीमा निर्माण गरिएको यस भवनमा अध्यक्ष र उपाध्यक्षका कार्यकक्षसहित २८ वटा कोठा, दुई वटा सभा हल, सेवाग्राही कक्ष, भान्छाकोठा, स्टोर कक्ष, शौचालय लगायतका संरचना समेटिएका छन् ।

गाउँपालिकासँग यो भवन २०८१ असार १५ गतेभित्र निर्माण सम्पन्न गर्ने गरी २०७९ साल जेठ ३१ गते सम्झौता गरिएको थियो । तोकिएको अवधिमा निर्माण सम्पन्न हुन नसकेपछि म्याद थप गरिएको थियो र अन्ततः भवन निर्माण गत भदौ ३१ गते सम्पन्न भएको हो । सुरुमा मूल्य अभिवृद्धिकरसहित सात करोड ८२ लाख ५० हजार ७७० रुपियाँमा सम्झौता गरिएको भवनमा काम थपिँदै जाँदा लागत बढेर मूल्य अभिवृद्धिकरसहित सात करोड ९५ लाख ६७ हजार ९१७ रुपियाँ निर्माण कम्पनीलाई भुक्तानी गरिएको छ ।

गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेको अध्यक्षतामा तथा बागमती प्रदेशका मुख्यमन्त्री बानियाँको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा बागमती प्रदेश सभा सदस्य प्रेमबहादुर पुलामी, जिल्ला समन्वय समितिका प्रमुख ललित घलान, निर्वतमान उपाध्यक्ष सरला बोलखे लगायत विभिन्न राजनीतिक दलका प्रतिनिधि, समाजसेवी र स्थानीय बासिन्दाको उल्लेखनीय उपस्थिति थियो ।

स्थानीय तहको सेवा प्रवाहलाई एकै छानामुनि व्यवस्थित गर्ने लक्ष्यसहित निर्माण गरिएको यो प्रशासनिक भवनले बकैया गाउँपालिकाको शासन प्रणालीलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको छ । नयाँ भवनसँगै बकैया गाउँपालिकाले अब प्रशासनिक मात्र होइन, विकास र सम्भावनाको नयाँ अध्याय सुरु गरेको अनुभूति स्थानीयहरूमा देखिन थालेको छ ।

# ‘प्रतिजैविक प्रतिरोध सचेतना सप्ताह’ मनाइयो

मध्यस्थता

हरेक वर्ष नोभेम्बर १८ देखि २४ तारिखसम्म विश्वभर मनाइने 'प्रतिजैविक प्रतिरोध सचेतना सप्ताह' को अवसर पारेर बागमती प्रदेश सरकारले विशेष कार्यक्रम गरेको छ । प्रतिजैबिक औषधिको दुरूपयोग र त्यसबाट सिर्जना हुँदै गएको प्रतिरोधको जोखिमबारे जनचेतना फैलाउने उद्देश्यले स्वास्थ्य मन्त्रालयको आयोजना तथा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान र प्रतिष्ठान अन्तर्गत कार्यक्रम गरिएको हो । पदयात्रामार्फत प्रतिजैबिकको जिम्मेवारीपूर्ण प्रयोग र प्रतिरोधका खतराबारे आम नागरिकसम्म सन्देश पुऱ्याउने प्रयास गरिएको थियो ।



राष्ट्रिय कार्ययोजनाले प्रतिजैबिक प्रतिरोध न्यूनीकरणका लागि पहिचान गरेको प्रथम प्राथमिकताको क्षेत्र सचेतना, तालिम र सञ्चार लाई व्यवहारमा उतार्ने लक्ष्यका साथ यो कार्यक्रम आयोजना गरिएको जनाइएको छ । स्वास्थ्यकर्मी, सामान्य नागरिक र विद्यार्थीलाई लक्षित गर्दै गरिएको कार्यक्रममार्फत प्रतिजैबिक प्रतिरोध केवल स्वास्थ्यकर्मीको समस्या मात्र नभई समग्र समाजसँग जोडिएको साझा चुनौती भएको सन्देश दिन खोजिएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि तथा स्वास्थ्य मन्त्रालयका महाशाखा प्रमुख कुमार पोखरेलले प्रतिजैविक प्रतिरोध विश्व स्वास्थ्यका लागि तीव्र रूपमा बढ्दै गएको गम्भीर चुनौती भएको उल्लेख गरे । उनले प्रति जैबिकको अनियन्त्रित र गलत प्रयोगका कारण सामान्य संक्रमण समेत जटिल बन्दै गएको र उपचार कठिन हुँदै गइरहेको अवस्थामा सबै तह र तप्काबाट सामूहिक रूपमा सचेतना बढाउनु अत्यावश्यक रहेको धारणा व्यक्त गरे । प्रतिजैबिक प्रतिरोधलाई समयमै नियन्त्रण गर्न नसके भविष्यमा सामान्य रोग पनि ज्यानका लागि जोखिमपूर्ण बन्न सक्ने उहाँको चेतावनी थियो ।

महाशाखा प्रमुख पोखरेलले चिकित्सकको सल्लाहबिना औषधि सेवन नगर्न, निर्धारित समयावधि पूरा गरेर मात्र प्रतिजैबिक औषधि लिन र आधा-अधुरो उपचार नगर्न विशेष अनुरोध गरे । साथै, समुदायमा सही सूचना फैलाउने, गलत अभ्यासलाई निरूत्साहित गर्ने र सर सफाइ तथा स्वास्थ्य व्यवहारमा सुधार ल्याउने काममा सबैले आ-आफ्नो भूमिकाबाट योगदान दिनुपर्नेमा उहाँले जोड दिए ।

हेटौंडाको हुप्रचौरबाट सुरु भएको पदयात्रा शितल महल चोक, पारिजात पथ, कान्तिराजपथ र बुद्धचोक हुँदै स्वास्थ्य निर्देशनालय परिसरमा पुगेर समापन भएको थियो । पदयात्रामा सहभागी स्वास्थ्यकर्मी, विद्यार्थी र सर्वसाधारण नागरिकहरूले प्रतिजैबिकको जिम्मेवारीपूर्वक प्रयोग, प्रतिरोध रोकथामका उपाय, सरसफाइको महत्व र स्वास्थ्य व्यवहार सुधार सम्बन्धी सन्देश लेखिएका प्लेकार्ड प्रदर्शन गरेका थिए । सडकभरि देखिएका ती सन्देशहरूले हिँड्ने र हेर्ने सबैलाई प्रतिजैबिक प्रतिरोधको विषयमा सोच्न बाध्य बनाएको थियो ।

कार्यक्रममार्फत बागमती प्रदेश स्तरमा प्रतिजैबिक प्रतिरोधबारे जनचेतना विस्तार गर्ने प्रयास गरिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार यो अभियानलाई केवल एकसाता सीमित नराखी आगामी दिनमा अझ प्रभावकारी र निरन्तर कार्यक्रममार्फत समुदायसम्म पुऱ्याइने योजना रहेको छ । प्रति जैविकको सही प्रयोग र प्रतिरोध रोकथामका लागि सरकार, स्वास्थ्यकर्मी, शैक्षिक संस्था र आम नागरिकबीच सहकार्य आवश्यक रहेको सन्देशसहित कार्यक्रम सम्पन्न भएको छ ।

## सुमोमा सुरक्षित यात्रा

*ब्रेक, हावा र अन्य प्रणालीको परीक्षणले मात्र तपाईंको यात्रा सुरक्षित हुन्छ ।*

*सुमोमा तपाईं मात्र सवार हुनुहुन्न, तपाईंको परिवार, साथी वा तपाईंमा भरोसा राख्ने अरू व्यक्तिहरू पनि सँगै हुन्छन् । त्यसैले यो सतर्कता केवल व्यक्तिगत सुरक्षा होइन, अरूको जीवनलाई पनि सुरक्षित राख्ने उपाय हो । आफ्नो सुरक्षा सुनिश्चित नगरी यात्रा गर्नु भनेको अरूको ज्यान जोखिममा राख्नु जस्तै हो ।*

*अन्ततः, सुमो यात्रा अघि सतर्क भएर जाँच गर्नु यात्रुको पहिलो जिम्मेवारी हो । यात्रा गर्दा यस भद्रगोल देशमा पनि धैर्यपूर्वक काम गर्दै आएको पशुपतिनाथको स्मरण गर्नुहोस् । उहाँको आर्शिवादले तपाईंको यात्रा सुरक्षित होस्, सुमो चढ्ने अनुभव रमाइलो र निर्भीक होस् । जब तपाईं सतर्कता अपनाएर सवारीमा बस्नुहुन्छ, तब मात्र यात्रा सहज, सुरक्षित र विश्वासिलो हुन्छ ।*

*सुरक्षित सुमो यात्रा तपाईंको जिम्मेवारी हो, र तपाईंको सतर्कता नै जीवनको आधार बनिरहेको छ । याद गर्नुहोस्, तपाईंको एक पञ्च मिनेटको ध्यानले जीवनभरको सुरक्षा सुनिश्चित गर्न सक्छ ।*

## कसले बुझ्छ मानव...

भागिसकेको थियो । प्रहरीलाई खबर त गरियो तर परिणाम शून्य र ह्यो । यसैबिच उनी पटक-पटक वैदेशिक रोजगारीका क्रममा ठगिइसकेका छन् र भावनात्मक रूपमा कमजोर भइसकेका छन् ।

तर, उनले आफ्नो पीडा कतै देखाउन र भन्न सकेका छैनन् । हरि जस्तै चीनमा पढ्न भनेर गएका सन्तोष तामाङको पनि उस्तै अवस्था छ । मिर्गौला दानका नाममा हुने बेचबिखनमा पनि पुरुष पीडितको सत्या प्रशस्त छ, तर उनीहरू खुलेर अभियानमा आउन सकेका छैनन् । बेचबिखन प्रभावितको सञ्जालका रूपमा बनेका राष्ट्रिय स्तरका नेटवर्कहरूमा समेत पुरुषहरूको सहभागिता देखिँदैन ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) शाखाका अधिकृत पुष्पादेवी राईका अनुसार, गत वर्ष २८ जना पुरुषहरूको उद्धार तथा स्वदेश फिर्ती र पारिवारिक पुनर्मिलन गरिएको थियो । तर, 'बालक तथा पुरुषहरूको आवश्यकता पहिचान, केस व्यवस्थापन र पुनःस्थापना किन गर्न सकिएन ?' भन्ने प्रश्नमा उनीसँग ठोस जवाफ छैन । उनी भन्छिन्, 'यस्ता केसहरू खासै आएका छैनन्, तर आएमा संस्थाहरूसँगको समन्वयमा पुनःस्थापना गर्छौं ।'

'चेलिबेटी बेचबिखन' भन्ने शब्द हटाएर 'मानव बेचबिखन' त भनियो, तर वास्तविकता सुन्दा स्पष्ट हुन्छ- नेपाल सरकारसँग मानव बेचबिखन प्रभावित पुरुषलाई राख्न एउटा पनि पुनःस्थापना गृह छैन । यद्यपि, प्रभावितहरूको उद्धार र स्वदेश फिर्तीका लागि सरकारसँग एउटा विशेष कोष छ, तर त्यसको पहुँच सर्वसाधारणसम्म पुग्न सकेको छैन । अधिकृत राईले कुन संस्थासँगको समन्वयमा पुरूषको पुनःस्थापना गर्नुहुन्छ भन्ने सवालमा समेत संस्थाको नाम लिन सक्नुभएन ।मानव बेचबिखन प्रभावित पुरुषहरू आएनन् वा खुलेनन् भन्ने सवाल दोस्रो हो । तर, अन्तर्राष्ट्रिय प्रतिवेदनहरूमा समेत पुरुष बेचबिखनका सवालमा काम गर्न नेपाल सरकारलाई सुझाव प्राप्त भइरहँदा, अहिलेकै सुस्त गतिले मानव बेचबिखनको यो डरलाग्दो भड्खारो नाघ्न भने ठूलो चुनौती छ ।

(लेखक दुलाल मानव बेचबिखनविरुद्ध अभियानमा सक्रिय छन् ।)

## साँघुरो कोठाबाट प्रदेश...

मिल्ने गरी योजना बनाइएको छ । सोही योजनासहित आवश्यक फाइलहरू अर्थ मन्त्रालयमा पठाइएको यादवले बताए । तर, बागमती प्रदेशसभा भवन पुनर्निर्माणका लागि हालसम्म कुनै काम सुरु नभएको उनको स्पष्ट भनाइ छ ।

प्रदेशसभा भवन पुनर्निर्माणमा ढिलाइ भइरहँदा अकोतर्फ प्रदेशसभाको कार्यगत गतिविधि झनै निष्क्रिय बन्दै गएको छ । प्रदेशसभाको सर्वाधिक महत्वपूर्ण विषय मानिने सभामुख चयन प्रकिया अझै टुंगोमा पुग्न सकेको छैन । प्रदेश सरकारमा सहभागी प्रमुख राजनीतिक दलहरूबीच सहमति नजुट्दा सभामुख निर्वाचित गर्ने प्रक्रिया पटक-पटक अवरूद्ध हुँदै आएको छ । सभामुख चयन हुन नसक्दा प्रदेशसभाको विधायन, नीति निर्माण र निगरानीसम्बन्धी भूमिकामै गम्भीर असर परेको छ ।

सभामुख चयनको अन्योल र भवनको अभावका कारण प्रदेशसभा लामो समयदेखि प्रभावकारी रूपमा सञ्चालन हुन सकेको छैन । यसैबीच, कानुन अनुसार प्रदेशसभाको अधिवेशन समयमै बोलाउनुपर्ने संवैधानिक र कानुनी बाध्यता हुँदाहुँदै पनि प्रदेश सरकारले बैठक बोलाउने पहल नगरी वर्षे अधिवेशन नै अन्त्य गर्ने बाटो रोजेको भन्दै आलोचना चर्किँदै गएको छ । अधिवेशन अन्त्य भएसँगै अहिले प्रदेशसभा पूर्ण रूपमा निष्क्रिय अवस्थामा पुगेको छ ।

प्रदेशसभाको निस्क्रियतासँगै प्रदेश सरकारको उत्तरदायित्व, पारदर्शिता र राजनीतिक स्थिरतामाथि गम्भीर प्रश्न उठ्न थालेका छन् । लोकतान्त्रिक व्यवस्थाको महत्वपूर्ण आधार मानिने प्रदेशसभा स्वयं भौतिक संरचनाको अभाव, राजनीतिक सहमतिको कमी र सरकारको उदासीनताका कारण थला परिरहेको अवस्थामा प्रदेश सरकारको कामकारबाहीप्रति व्यापक चिन्ता व्यक्त हुन थालेको छ । जलेको प्रदेशसभा भवन पुनर्निर्माण र प्रदेशसभा सञ्चालनका लागि दीर्घकालीन समाधान खोज्न सरकार असफल देखिँदा बागमती प्रदेशको विधायन प्रकिया नै अन्योलमा परेको छ ।

स्थायी भवनको अभावले कार्यालय सञ्चालनदेखि सेवा प्रवाहसम्ममा प्रत्यक्ष असर परेको मन्त्रालयका कर्मचारीहरू बताउँछन् । प्रदेश सरकार भने उपयुक्त स्थान छनोटका लागि छलफल जारी रहेको दाबी गर्दै आएको छ । तर, छलफलमै सीमित भई ठोस कदम नचालिएको भन्दै सरकारको व्यापक आलोचना हुन थालेको छ ।

मध्यस्थता
Madhyasthata Weekly साप्ताहिक
म.जि.प्र.का.द.नं. २०/०५५/०५६
जि.हु.का.द.नं. ०१/०८२/०८३
२०८२ मंसिर १४ गते आइतबार
(30th Nov., Sunday 2025)

# मनमोहक पहेँलो फाँट

मध्यस्थता

मकवानपुर जिल्लाका केही फाँटहरू यतिबेला पहेँलो रंगले ढकमक्क बनेका छन्। हेटौँडा, हटिया, हर्नामाडी,पदमपोखरी, भीमफेदीको सुपिङ, बकैया, बागमती, मनहरी, मकवानपुरगढी लगायतका क्षेत्रका खेतहरूमा फुलेका तोरीका फुलले पुरै भूदृश्यलाई सुनौलो बनाइदिएका छन् । खुला निलो आकाशमुनि फैलिएको पहेँलो फाँट र ती फुल बीच भुनभुन गर्दै उडिरहेका मौरीले



गाउँघरको वातावरणलाई एकै पटक जीवन्त र प्रफुल्लित बनाइदिएको छ। टाढाबाट हेर्दा चित्रजस्तै देखिने यी फाँटहरूले यस वर्ष पनि जिल्लाको ग्रामीण सौन्दर्यलाई छुट्टै पहिचान दिएका छन् ।

सिरसिरे हावामा तोरी फुलको मीठो सुगन्ध मिसिँदा खेतका डिलडिल हिँड्ने जोकसैलाई पनि क्षणभर रोकिएर हेर्न बाध्य बनाउने दृश्य देखिन्छ । फूलबाट फूलमा उड्दै गरेको मौरीको दृश्य केवल रमणीय मात्र होइन, कृषि प्रणालीका दृष्टिले अत्यन्त महत्वपूर्ण पनि छ। मौरीले तोरीको रस चुस्ने क्रममा हुने परागसेचन प्रक्रियाले तोरीको उत्पादन बढाउन ठूलो भूमिका खेलिरहेको हुन्छ । यसले बालीको उत्पादन क्षमता र गुणस्तर दुवैमा सकारात्मक असर पु¥याउने किसानहरूको अनुभव छ ।

तर, यति सुन्दर देखिने पहेँलो फाँटका पछाडि किसानहरूको मनमा भने चिन्ता लुकेको छ । पछिल्ला वर्षहरूमा मौरीको संख्या घट्दै गएको अनुभूति किसानहरूले गरेका छन् । विषादीको अत्यधिक प्रयोग र वातावरणीय दबाबका कारण मौरी आउने दर वर्षेनी कम हुँदै गएको उनीहरूको गुनासो छ। हेटौँडाको हटिया र हर्नामाडी क्षेत्रका फाँटमा अघिल्ला वर्षहरूमा मौरीपालक किसानहरू चरनका लागि बाक्लै आउने गर्थे । तोरी फुल्ने मौसममा मौरीका बाकस खेतछेउछाउमा प्रशस्त देखिन्थे । तर, यो वर्ष त्यस्तो चहलपहल निकै कम देखिएको किसानहरूको अनुभव छ ।

मौरीको संख्या घट्दै जानु केवल प्राकृतिक सौन्दर्यको विषय मात्र नभई कृषि उत्पादनसँग प्रत्यक्ष जोडिएको विषय भएको किसानहरू बताउँछन् । परागसेचन कम हुँदा तोरीको उत्पादनमा असर पर्ने चिन्ता उनीहरूमा छ । यसले किसानको आम्दानीमा मात्र होइन, स्थानीय उत्पादन र खाद्य सुरक्षामा समेत दीर्घकालीन असर पार्न सक्ने उनीहरूको भनाइ छ ।

तोरी खेतीको क्षेत्रफल पनि क्रमशः घट्दै गएको किसान नारायण घिमिरेले बताए । उनका अनुसार गत वर्षको तुलनामा यो वर्ष तोरी खेती गरिएको क्षेत्र कम भएको छ। 'सहरीकरण बढ्दै जाँदा खेतहरू बिस्तारै प्लटिङमा परिणत भइरहेका छन् । खेतीयोग्य जमिन घट्दै गइरहेको छ।' घिमिरेले भने। उनले यस अवस्थाले दीर्घकालीन रूपमा स्थानीय उत्पादन घटाउने र खाद्य सुरक्षामा गम्भीर असर पार्ने चेतावनीसमेत दिए ।

तोरी फुल र मौरीको उपस्थितिले अहिले पनि फाँटहरू आकर्षक देखिए तापनि किसान हरूको चिन्ता भने स्पष्ट देखिन्छ। पहेँलो फाँटको यो रमणीयता जोगाइर ाख्न अब खेतीयोग्य जमिनको संरक्षण, अनियन्त्रित सहरीकरणको नियन्त्रण र मौरीमैत्री वातावरण निर्माणका लागि ठोस कदम चाल्न ढिला गर्न नहुने अवस्था आएको किसानहरूको भनाइ छ। प्राकृतिक सौन्दर्य र कृषि उत्पादनलाई सँगसँगै जोगाउने जिम्मेवारी अब सबै सरोकारवाला पक्षको साझा दायित्व बनेको छ ।

## साताको तस्बिर



**मनहरीका मनकारी अध्यक्षः** मकवानपुरको मनहरी गाउँपालिकाका अध्यक्ष रन्जन कालाखेतीले आफ्नो सेवा सुविधा वापतको रकमबाट मनहरी-४ स्थित पशुपतिनाथ माविका २३ जना विपन्न तथा दलित विद्यार्थीलाई पोसाक हस्तान्तरण गरे । विद्यालयको स्वर्ण महोत्सव उद्घाटनमा उनले ४३ हजार रुपैयाँ मूल्य बराबरको पोसाक सहयोग हस्तान्तरण गरेका हुन् । विद्यालयले विपन्न विद्यार्थी पहिचान गरी सिफारिस गरेबमोजिम आफ्नो तलव भत्ताको रकमबाट सहयोग गरिएको अध्यक्ष कालाखेतीले जानकारी दिए । २०७९ सालमा अध्यक्ष निर्वाचित हुँदै गर्दा कालाखेतीले आफूले पाउने तलव भत्ता विपन्न गाउँबासीका लागि खर्च गरिने उद्घोष गरेका थिए । तस्बिरः मनहरी गाउँपालिकाको कार्यालय

# अटोभित्र लागुऔषध

मध्यस्थता

मकवानपुरमा ठूलो परिमाणको लागुऔषधसहित एक अटो चालक पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार राप्तिरोडबाट थानाभ¥याङतर्फ गइरहेको बा प्र ०३-००१ ह ०१२६ नम्बरको अटो प्रहरी टोलीलाई देख्ने बित्तिकै अचानक भाग्न खोजेपछि शंका लागी प्रहरीले तत्काल पछ्याइ थालेको थियो । नियमित गस्ती तथा निगरानीमा खटिएको प्रहरी टोलीले अटो चालकको अस्वाभाविक गतिविधि देखेपछि सतर्कता अपनाउँदै खोजतलास प्रक्रिया अघि बढाएको जनाएको छ ।

प्रहरीले अटोको पछ्याइ गर्दै जाँदा हेटौडा उपमहानगरपालिका-१ अन्तर्गत तरकारी बजार क्षेत्रमा उक्त अटो फेला पारी चालकलाई नियन्त्रणमा लिएको हो । नियन्त्रणमा लिइएका चालक हेटौडा उपमहा नगरपालिका-१३ बस्ने २७ वर्षीय सोनम मोक्तान रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले पुष्टि गरेको छ । प्रहरीका अनुसार प्रारम्भिक सोधपुछका क्रममा समेत चालकको गतिविधि र भनाइ शंकास्पद देखिए पछि कानुनी प्रक्रिया अनुसार रितपूर्वक खानतलासी गरिएको थियो ।

खानतलासीका क्रममा अटोभित्र लुकाइछिपाइ राखिएको अवस्थामा लागुऔषध ट्रामाडोलका १५ हजार ९६० क्याप्सुल फेला परेका थिए । अटो जस्तो सार्वजनिक सवारी साधन प्रयोग गरेर यति ठूलो परिमाणमा लागुऔषध ओसारपसार भइरहेको भेटिएपछि प्रहरीले यस घटनालाई गम्भीर रूपमा लिएको जनाएको छ । बरामद गरिएको लागुऔषधसँगै प्रयोगमा ल्याइएको अटोसमेत प्रहरीले नियन्त्रणमा लिई आवश्यक मुचुल्का तथा कागजी प्रक्रिया पूरा गरेको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार लागुऔषध कारोबार र ओसारपसार नियन्त्रणका लागि जिल्लाभर कडाइका साथ निगरानी र चेकजाँच अभियान सञ्चालन हुँदै आएको छ । सोही अभियानकै क्रममा शंकास्पद गतिविधि देखिएपछि गरिएको पछ्याइ र खानतलासीबाट ठूलो परिमाणमा लागुऔषध बरामद हुन सफल भएको प्रहरीको भनाइ छ । प्रहरीले सार्वजनिक सवारी साधनलाई समेत प्रयोग गरी लागुऔषध कारोबार गर्ने गिरोह सक्रिय हुन सक्ने संकेतका रूपमा यस घटनालाई हेरेको छ ।

नियन्त्रणमा लिइएका सोनम मोक्तान विरूद्ध लागुऔषधसम्बन्धी मुद्दामा थप अनुसन्धान अघि बढाइएको छ । प्रहरीले लागुऔषध कहाँबाट ल्याइएको हो, कसका लागि ओसार पसार हुँदै थियो र यसमा अन्य व्यक्तिको संलग्नता छ वा छैन भन्ने विषयमा समेत विस्तृत अनुसन्धान गरिरहेको जनाएको छ । आवश्यक प्रमाण संकलन गरी मोक्तानमाथि प्रचलित कानुनअनुसार कडा कानूनी कारवाही प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

# खरेललाई सम्मान गरिने

मध्यस्थता

भीम विराग संगीत साहित्य कला प्रतिष्ठान नेपाल, मकवानपुरले यस वर्षको 'बिजुलीमाया वनः अन्तर्राष्ट्रिय संगीत पुरस्कार, २०८२' गीतकार किरण खरेललाई प्रदान गर्ने भएको छ ।

नेपाली गीत-संगीतको क्षेत्रमा दशकौँदेखि निरन्तर सक्रिय रहँदै आएका खरेलको योगदानको उच्च मूल्यांकन गर्दै प्रतिष्ठानले यो पुरस्कार समर्पण गर्न लागेको हो ।

प्रतिष्ठानले पत्रकार सम्मेलन आयोजना गरी यस वर्षको पुरस्कार बारे औपचारिक जानकारी दिएको हो। भीम विराग संगीत साहित्य कला प्रतिष्ठान मकवानपुरका अध्यक्ष केशवलाल श्रेष्ठले प्रतिष्ठानद्वारा प्रदान गरिँदै आएको उक्त पुरस्कारको १७ औँ संस्करण यही माघ १५ गते बिहीबार हेटौँडामा एक विशेष कार्यक्रमका बीच प्रदान गरिने जानकारी दिए। यो अवसरमा नेपाली संगीत, साहित्य र कला क्षेत्रका विभिन्न व्यक्तित्वहरूको उपस्थिति रहने बताइएको छ ।

गीतकार खरेल विसं २०१४ सालदेखि 'ए दूरका सितारा' बोलको गीतमार्फत नेपाली संगीत क्षेत्रमा सक्रिय रहँदै आएका छन् । लामो सिर्जनात्मक यात्राका क्रममा उनले अहिलेसम्म ७ सयभन्दा बढी गीत रचना गरेका छन् । आधुनिक गीत लेखनदेखि चलचित्रका लागि गीत सिर्जनासम्म उनको योगदान फैलिएको छ । खरेलका 'माइतीघर', 'जिन्दगीलाई जीत होइन', 'हिमालको काखमा छ मेरो सानो गाउँ', 'मन्दिरमा छ कि मूर्तिमा माया' लगायतका गीतहरू नेपाली गीत-संगीतका लोकप्रिय र सदाबहार सिर्जनाका रूपमा स्थापित छन् ।




गीत लेखनसँगै साहित्यिक योगदानलाई समेत निरन्तरता दिँदै आएका खरेलका हालसम्म चार वटा गीत संग्रह प्रकाशित भइसकेका छन् । आधुनिक गीतको भाव, सामाजिक संवेदना र नेपालीपनलाई सशक्त रूपमा प्रस्तुत गर्न सफल उनका सिर्जनाले विभिन्न पुस्ताका श्रोता र दर्शकलाई छोएको छ । चलचित्र क्षेत्रमा समेत सफल र चर्चित गीतहरू सिर्जना गर्दै आएका खरेलको योगदानलाई सम्मान स्वरूप यस वर्षको अन्तर्राष्ट्रिय संगीत पुरस्कार प्रदान गर्न लागिएको प्रतिष्ठानले जनाएको छ ।

प्रतिष्ठानले देश तथा विदेशमा रहेर नेपाली वाङ्मय, संगीत र कला क्षेत्रमा उल्लेखनीय योगदान पु¥याउँदै आएका सर्जक र स्रष्टाहरूलाई सम्मान तथा पुरस्कृत गर्दै आएको छ । यस प्रतिष्ठानमार्फत प्रदान गरिने 'बिजुलीमाया वनस् अन्तर्राष्ट्रिय संगीत पुरस्कार' नेपाली संगीत क्षेत्रको एक प्रतिष्ठित सम्मानका रूपमा चिनिँदै आएको छ ।

यो पुरस्कारबाट यसअघि अम्बर गुरूङ, प्रेमध्वज प्रधान, भक्तराज आचार्य, फत्तेमान राजभण्डारी, शान्ति ठटाल, दीप श्रेष्ठ, प्रकाश श्रेष्ठ, न्हुछेबहादुर डंगोल, मीरा राणा, कर्म योञ्जन, चेतन कार्की, दावा ग्याल्मो, दीपक जंगम, किरण प्रधान, राजेन्द्र थापा र नीर शाहजस्ता विशिष्ट व्यक्तित्वहरू सम्मानित भइसकेका छन् । ती सबै सर्जकहरूको सूचीमा खरेलको नाम थपिनु नेपाली संगीत क्षेत्रका लागि गौरवको विषय मानिएको छ ।

उद्यमी तथा व्यवसायी कन्हैया कृष्ण श्रेष्ठले आफ्नी ममतामयी आमा विजुलीमाया वनःको स्मृतिमा विसं २०६४ सालमा यो पुरस्कारको स्थापना गरेका हुन् । प्रारम्भमा ५० हजार रूपैयाँ पुरस्कार राशीबाट सुरू गरिएको यस सम्मानलाई २०६७ सालदेखि बढाएर एक लाख रूपैयाँ पु¥याइएको थियो । पुरस्कारसँगै सम्मानपत्र प्रदान गरिने परम्परा रहेको छ ।

कलासाधक भीम विरागको बहुआयामिक व्यक्तित्वप्रति सम्मान प्रकट गर्ने उद्देश्यले तरङ्ग सांस्कृतिक परिषद्को पहलमा विसं २०५९ भाद्र ७ गते भीम विराग संगीत साहित्य कला प्रतिष्ठानको स्थापना गरिएको हो । स्थापना कालदेखि नै प्रतिष्ठानले नेपाली कला, संगीत र साहित्यको संरक्षण, प्रवर्द्धन र सर्जकहरूको सम्मानलाई निरन्तरता दिँदै आएको छ । यही निरन्तरताको अर्को कडीका रूपमा यस वर्ष गीतकार खरेल 'बिजुलीमाया वनस् अन्तर्राष्ट्रिय संगीत पुरस्कार, २०८२' बाट सम्मानित हुन लागेका हुन् ।

# शारदाको सुनौलो यात्रा

मध्यस्थता

मकवानपुरको मकवानपुरगढी गाउँपालिका वडा नम्बर-५ धादिङमा अवस्थित शारदा माध्यमिक विद्यालयले आफ्नो ५ ०औँ स्वर्ण महोत्सवको भव्य समापन समारोह आयोजना गर्दै विद्यालयको सुनौलो यात्रा सम्झिएको छ । स्थापना काल देखि अहिलेसम्म योगदान पुर्याएका शिक्षक, पूर्व विद्यार्थी, अभिभावक र समुदायका प्रतिनिधिहरूलाई सम्मान गर्दै बिद्यालयले अर्धशताब्दीको गौरव पूर्ण इतिहासलाई उजागर गरेको अवसर थियो ।

कार्यक्रमको मुख्य आकर्षण भनेको शारदा माध्यमिकबाट डाक्टरको उपाधि हासिल गरेका डाक्टर कृष्ण धिताल, डाक्टर स्याम बहादुर छत्कुली र डाक्टर सुमार्गि हुमागाई लाई दोसल्ला ओढाएर सम्मान गरिएको क्षण थियो। यतिमात्र होइन, विद्यालयको स्थापनादेखि अहिलेसम्मका पूर्व अध्यक्ष, विभिन्न क्षेत्रमा योगदान गर्दै आएका पूर्व विद्यार्थी, देउसी भैलो, नगद र जिन्सी सहयोग पु¥याएका अभिभावक र पूर्व विद्यार्थीलाई समेत सम्मान गर्ने अवसर प्रदान गरिएको थियो । यसरी सम्मानित व्यक्तिहरूले विद्यालयको विकास र प्रगतिमा आफूले खेलेको भूमिका सम्झदै भावपूर्ण अनुभव साझा गरे । स्वर्ण महोत्सवका अवसरमा आयोजना भएका विभिन्न प्रतियोगिताका विजयी हरूलाई पनि सम्मान गरिएको थियो । प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने विधार्थीहरूलाई प्रमाणपत्र, ट्रफी र पुरस्कार वितरण गरिएको थियो, जसले विद्यार्थीहरूमा उत्साह र प्रतिभा प्रदर्शन गर्ने अवसर थपेको थियो ।

कार्यक्रमको प्रमुख अतिथिका रूपमा बागमती प्रदेश सभाका सदस्य तथा पूर्व मन्त्री कुमारी मुक्तान उपस्थित रहिन् । उनले विद्यालयको ५० वर्षको यात्रामा योगदान पु¥याउने सम्पूर्ण व्यक्तिहरूलाई बधाइ दिँदै शिक्षा र सामाजिक उत्तरदायित्वको महत्त्वबारे मन्तव्य व्यक्त गरिन् । कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङतान, विद्यालयका शिक्षक तथा विद्यार्थी हरूको समेत उपस्थिति रह्यो ।

विद्यालय व्यावस्थापन समितिका अध्यक्ष युवराज सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा सहभागीहरूलाई स्वागत गर्दै प्रधानाध्यापक इन्द्र बहादुर कार्कीले विद्यालयको स्थापना कालदेखि वर्तमानसम्मको अवस्थाबारे विस्तृत जानकारी प्रस्तुत गरे । कार्यक्रममा विद्यालयको ५० वर्षको यात्रा झल्काउने बृत्तचित्र प्रदर्शन गरिएको थियो । साथै, विद्यालयले तयार पार `को स्मारिका विमोचन पनि गरिएको थियो, जसले शैक्षिक र सामाजिक योगदानको दिगो स्मरण प्रस्तुत गर्ने माध्यम बनेको छ । समापन समारोहमा शारदा माध्यमिक विद्यालयको अर्धशताब्दी इतिहासलाई सम्मान गर्दै भविष्यमा अझ प्रगतिशील, गुणस्तरीय र समावेशी शिक्षा प्रवाह गर्ने प्रेरणा प्रदान गरेको बताइयो । विद्यालयका विद्यार्थी, शिक्षक र अभिभावकहरूलाई उत्साहित पार्ने यस प्रकारको समर्पण कार्यक्रमले शैक्षिक क्षेत्रलाई मात्र नभई स्थानीय समुदायको साझा गौरवको अनुभूति पनि दिलाएको देखिन्छ ।

■ प्रकाशकः मध्यस्थता मिडिया प्रा.लि. ■ कार्यालयः हेटौंडा-५, मकवानपुर, फोनः ०५७-५२३८००, मो. ९८५५०१२००० ■ इमेलः madhyasthata@gmail.com ■ मुद्रणः श्रीया अफसेट प्रेस, हेटौंडा-५ ■ सम्पादकः शिवप्रसाद चौलागाईं